का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ असार २०७९,
बुधबार
15 June 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १३० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एसपीपीबारे अस्पष्ट प्रष्टोक्ति

*नेपाल र अमेरिकाबीच सैन्य सम्झौता भएको दावी गर्ने केही अनलाइन सञ्चार माध्यममा प्रकाशित दस्तावेज असत्य हो । नीति अनुसार अमेरिकाले कुनैपनि देशलाई स्टेट पाटनरशीप प्रोग्राममा सामेल हुन भन्दैन । तर कुनै देशबाट त्यसका लागि माग आएको खण्डमा भने त्यस्तो मागको सम्बोधन गर्दछ ।*

*स्टेट पाटनरशीप प्रोग्राम (एसपीपी) अमेरिकी राज्यको नेशनल गार्ड तथा साझेदार विदेशी मुलुक बीचको एक आदान-प्रदान कार्यक्रम हो । अमेरिकी नेशनल गार्डले स्वदेशमा भूकम्प, बाढी र वन डढेलो जस्तो प्राकृतिक विपत्तिविरुद्ध जुध्नका लागि अमेरिकाका प्रथम उद्धारकर्ताहरुलाई सहयोग गर्दछ ।*

*२५ वर्ष भन्दा लामो समयदेखि कायम रहँदै आएको एसपीपीमा ९० भन्दा बढी देशसँग ८० भन्दा बढी साझेदारीहरु समावेश छन् । ती मध्ये अधिकांश देशहरु यस क्षेत्रमा छैनन् । आँधी बेहोरीदेखि भूकम्प, बाढी र डढेलोसम्मका प्राकृतिक तथा अन्य विपतको अवस्थामा अमेरिका आफ्नो अग्रपंक्तिका उद्धारकर्ताका रुपमा रहेका नेशनल गार्डहरुको उत्कृष्ठ अभ्यासको अनुभव तथा क्षमता साटासाट गर्न चाहन्छ । यसप्रकारको सहकार्यको सहजीकरणका लागि एसपीपी प्रभावकारी माध्यम हो ।*

***–अमेरिकी दूतावास***



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

सरकार अमेरिकी प्रस्ताव स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) सम्झौताको बचाउमा उत्रिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिका भ्रमणका क्रममा एसपीपी सम्झौतामा हस्ताक्षर गर्ने तयारी भएको भनी भ्रमण नै रोक्नुपर्ने माग पाँच दलीय सत्ता गठबन्त्रधनभित्रकै सांसदहरुबट उठिरहेका बेला परराष्ट्रमन्त्री नारायण खड्काले आशंका र आग्रहको खण्डन गरेका छन् ।

बरु सांसदहरुलाई प्रधानमन्त्री देउवाको अमेरिका भ्रमणको तयारीलाई शंकाले नहेर्न आग्रह गरे । द्विपक्षीय भ्रमण तथा भेटघाट नेपालले अवलम्बन गर्दै आएको स्वतन्त्र, सन्तुलित परराष्ट्र नीतिलाई ध्यानमा राख्दै तय गरिने उनको भनाई छ ।

'उच्च राजनीतिक तथा कुटनीति तहमा हुने भ्रमण आदान प्रदानको द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउन महत्वपूर्ण भूमिका रहने माननीय सदस्यहरुलाई जानकारी भएकै विषय हो' उनले भने, 'यस्ता भ्रमण तथा भेटघाटका विषयलाई संशयका दृष्टिले नहेरिदिन म आग्रह गर्न गर्न चाहन्छु ।'

पछिल्लो समय संसदमा सांसदहरुले प्रधानमन्त्रीको अमेरिका भ्रमणसँग जोडेर एसपीपीका विषयमा निरन्तर आवाज उठाउँदै आएका थिए । प्रमुख विपक्षी एमालेले आधिकारिक रुपमै सरकारको धारणा माग गर्दै आएको थियो । सोमबार एसपीपीको मस्यौदा नै सार्वजनिक भएपछि संसदमा सांसदहरुले अझ चर्को स्वरमा सरकारलाई प्रश्न गरे । एसपीपीको मस्यौदा संसदमा ल्याउन माग गरे ।

> अमेरिकी प्रस्ताव स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) सम्झौताको चर्को प्रश्न उठेपछि सरकार बचाउमा उत्रिएको छ । परराष्ट्र मन्त्री खड्काले एसपीपी मानवीय सहयोग सम्बन्धी कार्यक्रम भएको दाबी गरेका छन् ।

सांसदहरुले उठाएका प्रश्नहरुलाई छुट्टै सम्बोधन गर्न सरकार तयार भएन । बरु आगामी आर्थिक बर्षका लागि परराष्ट्र मन्त्रालयका लागि विनियोजित बजेटको शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै परराष्ट्रमन्त्री खड्का सांसदहरुलाई जवाफ दिने प्रयास गरे ।

एसपीपीका विषयमा पनि अनावश्यक आशंका नगर्न उनको आग्रह छ । अमेरिकाले प्रस्ताव गरिरहेको इन्डोप्यासिफिक स्टार्टेजी सैन्य गठबन्धन नभएर मानवीय सहयोगका लागि बनेको उनको टिप्पणी छ । इन्डोप्यासिफिक कुनै औपचारिक एलायन्स पनि नभएको उनको तर्क छ ।

'यो नेपाललाई सैन्य गठबन्धनमा लिने सम्झौता हो कि भनेर प्रश्न उठिरहेको छ । हिजो एमसीसी पारित गर्दा पनि हामीले इन्डो प्य ासिफिक स्ट्राटेजीका कुरा गर्‍यौं,' खड्काले भने, 'इन्डो प्यासिफिक कुनै फर्मल एलायन्स केही पनि होइन । इन्डियन ओसियनबाट वेस्ट ओसियनसम्मको एउटा कनेक्सन हो ।'

दुईवटा महासागर इन्डियन ओसियन र पश्चिम प्रशान्त महासागरमा पर्ने भू-भागलाई जोड्ने कन्सेप्ट नै इन्डोप्यासिफिक भएको उनको भनाई छ । 'यो भागमा रहेका करिब २४ वटा देशहरूसँग एउटा खुला व्यापार, सार्वभौमताको सम्मान गर्ने यी कुराहरूलाई लिएर बनेको एउटा लुज अर्गनाइजेसन हो,' उनले भने, 'मैले बुझेअनुसार फर्मल ट्रिटी केही पनि होइन । त्यसअन्तर्गत पहिले एमसीसी र अहिले एसपीपी '.।'

– बाँकी पृष्ठ २ मा

# एमालेमा देखिएको अलमल

नेकपा एमालेको अनुशासन आयोगको पुर्ण बैठकले स्थायी कमिटी सदस्य घनश्याम भूसाललाई गरिएको कारबाही सिफारिस अनुमोदन गरेको छ । सोमबार सकिएको सचिवालय बैठकमा यो विषय प्रस्तावमै राखिएको थिएन, तर अनुशासन आयोगले भने कारबाही प्रक्रिया अगाडि बढायो ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

नेकपा एमालेका स्थायी कमिटी सदस्य घनश्याम भूसालमाथिको कारबाही पार्टी भित्रको संरचनामा अगाडि बढेको छ । एमालेको अनुशासन आयोगले भूसाललाई कारबाही गर्ने सिफारिस गरेपछिपछि यो विषय चर्चामा आएको थियो । चर्चापछि भुसालमाथिको कारबाही रोकिने आंकलनका बीच मंगलबार बसेको अनुशासन आयोगको पूर्ण बैठकले भूसाललाई कारबाही गर्ने सिफारिसलाई अनुमोदन गरेको छ।

अनुशासन आयोगका अध्यक्ष केशव बडालका अनुसार नेता भुसालले गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको चुनावी परिणामका विषयमा बिभिन्न टेलिभिजनमा पार्टी नेतृत्वलाई बदनाम गर्ने गरी अभिव्यक्ति दिँदै हिँडेकाले कारबाही प्रक्रिया अगाडि बढाइएको हो ।

– बाँकी पृष्ठ २ मा

### एकीकृत समाजवादीको दाबी

# ९ लाख मत पायौं




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

नेकपा एकीकृत समाजवादीले ३० वैशाखमा सम्पन्न स्थानीय तहको चुनावमा पार्टीले ९ लाख मत प्राप्त गरेको दाबी गरेको छ। नेकपा एमालेसँग फुटेर नयाँ पार्टी बनाएपछि यो पार्टीले फेस गरेको पहिलो चुनाव ३० वैशाखको स्थानीय तहको चुनाव हो । उक्त चुनावमा पाएको ९ लाख मत सबै पार्टीको मत नरहेको पनि एकीकृत समाजवादीको स्वीकारोक्ति छ ।

मंलवारदेखि सुरु भएको एकीकृत समाजवादीको स्थायी कमिटी बैठकमा अध्यक्ष माधवकुमार नेपालले पेश गरेको चुनावको समीक्षा प्रतिवेदनमा ९ लाख २३ हजार २१९ मत प्राप्त गरेको उल्लेख छ । प्रविवेदनमा उल्लेख भए अनुसार एकीकृत समाजवादीले जम्मा ३५ प्रतिशत स्थानमा मात्रै उम्मेदवारी दिएको थियो । २५ प्रतिशत स्थानमा उम्मेदवारी दिँदा ९ लाख मत प्राप्त भएको हिसाबले लसबै स्थनीय तहका उम्मेदवारी दिएको भए अझ धेरै मत आउन सक्ने आँकलन गरिएको छ । अहिले पाएको मत आधा सत्ता गठबन्धनमा रहेका अन्य दलको रुपमा मान्दा ५ लाख मत एकीकृत समाजवादीको हुने र देशभर उम्मेदवारी दिएको भए अहिले पार्टील पाएको भन्दा दोब्बर १० लाख मत पाउन सक्ने समिक्षा गरिएको छ ।यो हिसाबकिताब आसन्न प्रदेश र संघीय चुनावमा पार्टीले ल्याउन सक्ने मत र त्यसमा गनुपर्ने मेहनतका लागि समेत भएको स्वमं एकीकृत समाजवादीका नेताहरु बताउँछन् ।

– बाँकी पृष्ठ २ मा

# साउदीमा कामदारमाथि ज्यादति बढ्दो

## चुपचाप नबस्न नेपाली दूतावासको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ

साउदी अरबस्थित नेपाली दूतावासले वैदेशिक रोजगारीका लागि गएका नेपाली कामदारमाथि रोजगारदाता कम्पनीबाट दुर्व्यबहार बढेको बताएको छ। दूतावासले मंगलबार आफ्नो फेसबुक पेजमार्फत कम्पनीको तर्फबाट नेपाली कामदारमाथि विभिन्न प्रकारका शारीरिक हिंसा गर्ने गरेको गुनासो प्राप्त हुन थालेको जनाएको छ ।

दूतावासले भनेको छ, 'कम्पनीको सुपरभाइजरले वा क्याम्प बोस वा यस्तै अन्य व्यक्तिले कामदारको गल्ती नै नभएको बेलामा पनि कुटपिट गर्ने गुनासो आएको छ ।' दूतावासले आफूमाथि अमानवीय तथा हिंसाका घटना भएमा मौन रहेर चुपचाप नबस्न पनि नेपाली कामदाररूलाई आग्रह गरेको छ।

दूतावासले भनेको छ, 'कम्पनीको सुपरभाइजरले वा क्याम्प बोस वा यस्तै अन्य व्यक्तिले कामदारको गल्ती नै नभएको बेलामा पनि कुटपिट भएमा प्रहरीलाई ९११ मा तुरून्तै सम्पर्क गर्न अनुरोध छ ।'

त्यसैगरी दूतावासले कुटपिट र शारीरिक हिंसा बाहेक कम्पनी वा रोजगारदातासँग कुनै समस्या भएमा श्रम मन्त्रालयको टोल-फ्री नं १९९११ मा सम्पर्क गर्न सकिने बताएको छ । करिब ४ लाख श्रमिक कार्यरत रहेको साउदी अरेबिया नेपाली कामदारहरूका लागि प्रमुख श्रम गन्तव्य हो ।

साउदीमा रोजगारीका लागि जाने नेपाली कामदारमध्ये अधिकांश अदक्ष कामदार छन् ।

पछिल्ला दिनहरूमा आफ्ना नागरिकलाई स्थानीय रोजगारीमा प्राथमिकतामा राखेको साउदीले विदेशी कामदारका समस्याको सुनुवाइमा तत्परता देखाउन छोडेको त्यहाँबाट फर्केका नेपाली कामदारहरूको भनाइ छ ।

खासगरी सम्झौता अनुसार काम र पारिश्रमिक नपाएको भन्दै उजुरी तथा गुनासो गर्ने नेपाली कामदारको संख्या बढेको बताइएको छ। ड्राइभरका लागि जाने नेपालीहरू अत्यधिक समस्यामा रहेको बताइएको छ।

यसैबीच प्रचण्ड गर्मी बढेपछि साउदी अरबले बुधबारदेखि मध्याह्न १२ बजेदेखि दिउँसो ३ बजेसम्म घाम लाग्ने ठाउँमा काम गराउन प्रतिबन्ध लगाएको छ । उक्त प्रावधान १५ सेप्टेम्बरसम्म कायम रहने साउदी अरबको मानव संशाधन तथा सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### नासा ह्युमनमा आक्रमण गर्नेहरूविरूद्ध अनुसन्धान शुरू

काठमाडौं/मस- महानगरीय प्रहरी बृत महाराजगञ्जले नासा ह्युमन रिर्सोस प्रा.लि.मा आक्रमण गर्नेहरूविरूद्ध अनुसन्धान शुरू गरेको छ । प्रा.लि.का सञ्चालक युवराज गुरूङले महानगरीय प्रहरी बृत महाराजगञ्ज प्रहरीमा आफ्नो कार्यालयमा अनधिकृत प्रवेश गरेको भन्दै इलामका सुरेन योङहाङ लिम्बु, उदयपुरका प्रकाश तामाङ, सुर्खेत दशरथपुरका रत्नबहादुर अधिकारीलगायतले कम्पनीको व्यावसायिक स्वतन्त्रता र गोपनीयताको ख्याल नगरी जबरजस्ती प्रवेश गरी महिला कर्मचारीलाई धम्क्याउनुका साथै तोडफोड गरेको भन्दै उनीहरू विरुद्ध किटानी जाहेरी दिएका छन् ।युट्युबर र आफूलाई स्वघोषित सामाजिक अभियन्ता बताउने समूहले गत १५ जेठमा प्रा.लि.को कार्यालयमा आतंक मच्चाएको भन्दै सञ्चालक गुरूङले प्रहरीमा

– बाँकी पृष्ठ २ मा

# क्यानमाथिको सबै प्रतिबन्ध फुकुवा



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

काठमाडौं/मस- विश्व क्रिकेटको सर्वोच्च निकाय अन्तराष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले नेपाल क्रिकेट संघ (क्यान) माथि लगाको 'कन्ट्रोल फन्डिङ' फुकुवा गरेको छ। क्यानले मंगलबार एक विज्ञप्ति जारी गर्दै आईसीसीले 'कन्ट्रोल फन्डिङ' बाट नेपाललाई फुकुवा गरेको जनाएको हो ।

– विस्तृत समाचार ११ मा

# आजदेखि मतदाता नामावली संकलन

आगामी प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि लक्षित गरी आजदेखि नामावली संकलन तथा अद्यावधिक कार्य अघि बढाएको छ ।

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

आज (असार १ गते)देखि मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य सुरु भएको छ ।

निर्वाचन आयोगका अनुसार आगामी प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि लक्षित गरी नामावली संकलन तथा अद्यावधिक कार्य अघि बढाइएको हो । आयोगले कुनै पेशा, व्यवसाय वा अन्य कुनै कारणले



एक जिल्लामा बसोबास गरिरहेका नागरिकले उसको स्थायी ठेगानामा

– बाँकी पृष्ठ २ मा

**Vacancy Annoucement**

*A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staff for the Following post.*

★PRO : 3 (Female)
★Documentation: 3 ( Female)
★Receptionist : 3 (Female)

Note: Candidate Should be well Known in English and Computer. Must have 2 years Experience in Related field.

तलब आपसी सम्झदारीमा

**People & Places Pvt. Ltd.**
Gov. Lic. No.: 320/059/060
Tokha 10, Prayas Nagar, Kathmandu, Nepal | Tel: 4954622, 9745551435, 9823503539
Email: peopleandplacesp @gmail.com | Website: www.pnprecruit.com

**कर्मचारी आवश्यकता**

यस कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

- डकुमेन्टेसन अफिसर : २ (पुरुष/महिला)
- रनर : १ (पुरुष)

नोट:- बाइक लाइसेन्स भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।

- पिआरओ (PRO): ४/२ (पुरुष/महिला)

नोट:- पिआरओ विशेष गरी साउदी बेस बनाएर काम गरेको लाई विशेष प्राथमिकता दिईनेछ ।

तलब: आपसी समझदारीमा

**WISDOM HUMAN RESOURCE PVT. LTD.**
सामाखुसी टावन प्लानिङ, काठमाडौं, पो.ब.नं. २२३४ । फोन :०१-४३८००५५, ४३५०७३५ फ्याक्स : ०१-४३८७०८५
Email: hrwisdomnepal@gmail.com, Website:wisdomhrnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१ असार २०७९, बुधबार
15 June 2022, Wednesday

### हरिजन आत्महत्या प्रकरण

# छानबिन समितिले सरकारलाई बुझायो प्रतिवेदन



**काठमाडौं/मस–** रोल्पा कारागारका कैदी सुन्दर हरिजनले आत्महत्या गरेको घटनामा छानबिन गर्न बनेको समितिले सरकारलाई प्रतिवदेन बुझाएको छ ।

गृह मन्त्रालयका सहसचिव सूर्य सेढाईं नेतृत्वको समितिले स्थलगत अध्ययनपछि तयार पारेको प्रतिवेदन

मंगलबार गृहमन्त्री बालकृष्ण खाणलाई प्रतिवेदन बुझाएको हो ।

गृहमन्त्री खाणले कैदी हरिजनको जेल स्थानान्तरण र आत्महत्याबारे तयार भएको प्रतिवेदनमा समेटिएका विषय कानुन अनुरुप कार्यान्वयनको प्रक्रियामा लगिने बताए । खाणले रोल्पा कारागार कार्यालयमा जेठ ४ गते कैदी हरिजनले झुण्डिएर आत्महत्या गरेको घटना सम्बन्धमा प्रतिवेदनले दोषी औंल्याएकालाई कारबाही गरिने पनि बताए ।

घटनाबारे छानबिन गर्न सहसचिव सेढाईको संयोजकत्वमा मन्त्रीस्तरीय निर्णयबाट १७ जेठमा पाँच सदस्यीय समिति गठन भएको थियो ।

समितिमा मन्त्रालयका उपसचिव झंकनाथ ढकाल, नेपाल प्रहरीका उपरीक्षक भूपेन्द्र खत्री, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक विश्वमणि आचार्य र जिल्ला प्रशासन कार्यालय बाँकेका प्रशासकीय अधिकृत सदस्य थिए ।

प्रतिवेदनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तत्कालीन अवस्थामा कारागार प्रशासनसँग सम्बद्ध कर्मचारीहरूले कारागार ऐन र नियमावली तथा आफ्नो पदीय जिम्मेवारी एवं दायित्व निर्वाहमा लापरबाही तथा त्रुटि गरेको र कर्तव्य पालनामा उदासिनता देखाएको उल्लेख गरेको छ ।

प्रतिवेदनमा प्रस्तुत गरिएका सुझाव लागू गर्न साफारिस गर्दै त्यसो भए कारागार प्रशासन सुध्रन सक्ने समिति संयोजक सेढाईले बताए ।

समितिले २०७७ मैसिर ८ गते बाँके कारागारबाट रोल्पा कारागारमा कैदीहरू हरिजन र विजयविक्रम शाहको स्थानान्तरण गर्दा भएको त्रुटि तथा कैदीले आत्महत्या गरेको सम्बन्धमा अनुसन्धान गरेको जनाएको छ ।

# जंगली च्याउ खाँदा २ जनाको मृत्यु



**ओखलढुंगा/मस–** चम्पादेवी गाउँपालिका-७ फूलबारीमा जंगली च्याउ खाँदा मंगलबार एकै परिवारका दुई जनाको मृत्यु भएको छ ।

अन्य दुई जनाको अवस्था गम्भीर छ । मृत्यु हुनेमा ९३ वर्षीया मनमाया विष्ट र २४ वर्षीया ढककुमारी लामिछाने रहेका प्रहरीले जनाएको छ । ढककुमारीको ओखलढुंगा सामुदायिक अस्पताल मिसनमा उपचारका क्रममा मृत्यु भएको थियो ।

गम्भीर रहेका भएका थप ३ जना ढककुमारीका श्रीमान् २७ वर्षीय राजन विष्ट, हजुरआमा मनमाया विष्ट र ढककुमारीकी तीन वर्षीया छोरी सरिस्मा विष्टलाई थप उपचारका लागि नेपाली सेनाको हेलिकप्टरबाट शिक्षण अस्पताल काठमाडौं लगिएको थियो । उपचारका लागि लगिएकामध्ये हजुरआमा मनमायाको शिक्षण अस्पतालमै उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# विद्यार्थीलाई सहुलियत चुल्होको व्यवस्था गर्न माग



**काठमाडौं/मस–** नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) ले सबै विद्यार्थीलाई सहुलियत दरमा चुल्होको व्यवस्था गर्न माग गरेको छ ।

नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाको नेतृत्वमा बुधबार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका प्राविधिक निर्देशक डा नारायणप्रसाद अधिकारीलाई भेटेर सरकारद्वारा सहुलियत दरमा वितरण गरिने भनिएको विद्युतीय चुल्हो सबै विद्यार्थीहरुलाई वितरण गर्न माग गरिएको हो ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको जेठ २५ को निर्णयअनुसार आदिवासी, जनजाति र दलित विद्यार्थीलाई सहुलियतमा चुल्हो दिने निर्णयको नेविसङ्घले स्वागत गर्दै आवश्यकताको सिद्धान्तअनुसार सम्पूर्ण विद्यार्थीलाई सहुलियतमा विद्युतीय चुल्हो उपलब्ध गराउन माग गरेको हो । नेविसङ्घका अध्यक्ष शेर्पाले विद्यार्थीको आधार भूत आवश्यकता विद्युतीय चुल्हो भएकाले सहुलियत दरमा उपलब्ध गराउन केन्द्रलाई आग्रह गरेका हुन् ।

# पाल्पामा असल बुहारी सम्मानित



**पाल्पा/मस–** सासू- ससुराको राम्रो हेरचाह, पालनपोषण गर्ने असल बुहारीलाई सम्मान गरिएको छ । पाल्पाको निस्दी गाउँपालिका-४ मित्यालको आयोजनामा परिवारका ज्येष्ठ नागरिक तथा सासू-ससुरालाई राम्रोसँग हेरचाह गर्ने बुहारीलाई सम्मान गरिएको हो । मित्यालका २७ बुहारीलाई लत्ताकपडा र सम्मानपत्रले सम्मान गरिएको छ । वडाले पहिलोपटक ल्याएको यस कार्यक्रम उदाहरणीय रहेको र सासू-ससुरालाई अपहेलना गर्ने बुहारीलाई थप जिम्मेवारी बन्न सिकाउने स्थानीयवासी धनबहादुर ठाडाले बताए ।

वडा कार्यसमिति र सरोकारवालाले टोल-टोलमा पुगेर सासू-ससुरालाई राम्रोसँग लालनपालन, माया-ममता, स्याहारसुसार गर्ने बुहारी छनोट गरी सम्मान गरिएको वडाध्यक्ष सन्तवीर सुनारीले जानकारी दिए ।

समाजमा हिजोआज छोराबुहारी विभिन्न पेशा, व्यवसायमा व्यस्त रहने हुँदा घरमा एक्लै बस्नुपर्ने बाध्यता छ। पेशा, व्यवसायको व्यस्तता कतिपयले बुढ्यौली टेकेका सासू-ससुरालाई राम्रो स्याहारसुसार गर्न भ्याउँदैनन् भने कतिपयले ज्येष्ठ नागरिक भनेपछि अपहेलना गर्ने प्रवृत्ति छ ।

धनमाया ठाडाले घरका सासू-ससुरालाई राम्रो स्याहारसुसार गरेको भन्दै आफूलाई असल बुहारीका रूपमा सम्मान गरेकामा खुसी लागेको बताछन्। उनी भन्छन्, 'घरका सासू-ससुरा भनेको हाम्रो अभिभावक हो, जन्मदिने बुवाआमासरह नै हामीले मायाममता, स्याहार संरक्षण गर्नुपर्दछ, उहाँहरूलाई खुसी बनाउन सकियो भने परिवार खुसी हुन्छ, हामीलाई आत्मसन्तुष्ट मिल्नेछ ।'

# बालिका बलात्कारको आरोपमा ४ जना पक्राउ



**ओखलढुंगा/मस–** बालिका बलात्कार आरोपमा प्रधानाध्यापकसहित ४ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा नारायणस्थान माध्यमिक विद्यालयका प्रधानाध्यापक ४० वर्षीय पूर्णप्रसाद फुँयाल, स्थानीय ७६ वर्षीय फडिन्द्रप्रसाद दाहाल, ३२ वर्षीय डम्बर भुजेल र ३१ वर्षीय केवल भुजेल रहेका प्रहरीले जनाएको छ ।

उनीहरुमाथि सिद्धिचरण नगरपालिका ३ स्थित कक्षा ८ मा अध्ययनरत बालिकामाथि फरक-फरक समय र स्थानमा पटक-पटक बलात्कार गरेको आरोप लागेको छ । उनीहरुविरुद्ध सोमबार जाहेरी परेपछि पक्राउ गरिएको जिल्ला प्रहरीका प्रहरी निरीक्षक देवेन्द्र दासले बताए । उनका अनुसार घटनाको अनुसन्धान भइरहेको छ ।

# अझै पुगेन पाठ्यपुस्तक

**कञ्चनपुर/मस–** शैक्षिक सत्र शुरु भएको दुई महिना पुग्नै लाग्दा अझै पनि कञ्चनपुरका सामुदायिक विद्यालयका सबै विद्यार्थीका हातमा पा्यपुस्तक पुग्न सकेको छैन । पाठ्यपुस्तक नपुगेपछि पठनपाठनमा समस्या हुने गरेको छ। 'केही कक्षामा विद्यार्थीलाई पुराना पुस्तक दिएर काम चलाउँदै आएका छौं', शुक्लाफाँटा नगरपालिका- ६ मा रहेको बैजनाथ माध्यमिक विद्यालयका शिक्षक प्रकाश उप्रेतीले भने, 'पाठ्यपुस्तक फेरिएका कक्षामा पठनपाठन गराउन कठिन भएको छ ।'

किताबी कुरा सिकाउन नपाएको उल्लेख गर्दै उनले व्यावहारिक कुरा विद्यार्थीलाई सिकाइने गरेको बताए । 'पाठ्यपुस्तक छैनन् । कक्षा कोठामा त्यतिकै बस्नु भएन', उनले भने, 'कहिले विद्यार्थीलाई निबन्ध, निवेदन, चिठ्ठी पत्र लेख्ने तरिका सिकाउने गरेका छौं ।' कक्षा ४, ७ र ९ को कोर्सनै परिवर्तन भएको छ । ती कक्षाका विद्यार्थीलाई कसरी पढाउने भन्ने पिरलो बढी रहेको उनले बताए ।

शुक्लाफाँटाका अधिकांश सामुदायिक विद्यालयमा अझै नयाँ पाठ्यपुस्तक पुगेका छैनन् । सुगमको क्षेत्र भए पनि पाठ्यपुस्तक नपुग्नु बिडम्बनानै भएको पूर्व शिक्षक शेरबहादुर भण्डारी बताउँछन् । 'पाठयपुस्तक समयमै नपुगे विद्यार्थीले कसरी पढन सक्छन् । विद्यालयमा पढाएको कुरालाई घरमा दोहोऱ्याउनका लागि पाठ्यपुस्तकनै चाहिन्छ', उनले भने, 'पाठ्यपुस्तकको व्यवस्थाका लागि स्थानीय तहले पनि दायित्व वहन गर्नुपर्छ । त्यसो गरेको देखिदैंन ।'

पुनर्वास नगरपालिका- ११ मा रहेको राष्ट्रिय माध्यमिक विद्यालय अमरबस्तीका शिक्षक विजय उपाध्याय विद्यालयमा पढने ६० प्रतिशत जति विद्यार्थीले मात्रै नयाँ पाठ्यपुस्तक पाएको बताउँछन् । 'विद्यार्थीको सङ्ख्या अनुसारको पाठ्यपुस्तक माग गरेकै छौं', उनले भने, 'जनक शिक्षा सामग्री केन्द्र लिमिटेड धनगढीले पाठपुस्तकनै पुऱ्याउन सकिरहेको छैन । पाठ्यपुस्तक पाएका विद्यार्थीले समेत पूरै सेट पुस्तक पाएका छैनन् । एक दुई पुस्तकको अभावनै रहेको छ ।'

पाठ्यपुस्तक नपुगेका केही विद्यालयका शिक्षकले इन्टरनेटबाट पाठ्यपुस्तक डाउनलोड गरी पढाउनसमेत थालेका छन् । यसरी पढाउने शिक्षकको सङ्ख्या भने थोरै छ । कक्षा कोठामा यसरी पढाएका विषय वस्तुलाई विद्यार्थीले घरमा पाठ्यपुस्तकै अभावमा दोहोऱ्याएर पढ्न पाउने गरेका छैनन् । जसबाट विद्यार्थीको पठनपाठनको कार्यमा अवरोध हुन थालेको छ । 'शिक्षकले विद्यालयमा मौखिक रुपमा पढाएका विषय घर आउँदासम्म बिर्सीसकेका हुन्छौं', कक्षा ९ मा पढदै आएका विद्यार्थी अजय चौधरीले भने, 'पाठ्यपुस्तक भए पढन सजिलो हुन्थ्यो पाउन सकेका छैनौं । कहिले पाइने हो पत्तो छैन ।'

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड धनगढीका प्रमुख ध्रुव पन्त भने सुदूरपश्चिमका नौ वटै जिल्लाका ७० देखि ८० प्रतिशत सामुदायिक विद्यालयमा पाठ्यपुस्तक पुगिसकेको दाबी गर्छन् । 'कुनै कुनै कक्षाको पूरै सेट पुग्न सकेको छैन' उनले भने, 'अर्को हप्ताभित्रै अपुग भएका किताबसमेत आइपुग्छन् । पाठ्यपुस्तकनै नपुगेका विद्यालयमासमेत छिटो भन्दा छिटो कसरी पाठ्यपुस्तक पुगाउन सकिन्छ । त्यसका लागि काम अगाडि बढाएका छौं ।'

## एसपीपीबारे...

उनले स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) अमेरिकाको संघीय सरकारसँग भएका प्रोग्रामलाई पास गरेर मानवीय सहयोगमा प्राकृतिक प्रकोपलाई सम्बोधन गर्ने, सांस्कृतिक क्षमताहरू आदानप्रदान गर्ने, अभिवृद्धि गर्ने कुराहरूका लागि आएको बताए । 'पार्टनरसिप भन्नेबित्तिकै ट्रिटी होइन । साझेदार अस्थायी खालको एउटा कन्सेप्ट हो । कुनै एउटा खास मिसनपछि जान्छ । केही समय बस्छ,' उनले भने, 'यहाँ कुनै मिलिटरी आएकै छैन ।' विभिन्न देशका सैन्य संरचनासँग सहकार्य गरेर प्राकृतिक प्रकोप तथा मानवीय प्रकोपविरुद्ध लड्ने यसको लक्ष्य रहेको उनको भनाइ छ । तर, सांसदहरुले परराष्ट्रमन्त्री डा. नारायण खड्काको स्पष्टीकरण पत्याएनन् । उनलाईलाई अमेरिकाबाट एसपीपी मा हस्ताक्षरका लागि दबाब आएको हो ? भनेर पटक-पटक प्रश्न गरे ।

नेकपा माओवादी केन्द्रका सांसद गिरिराजमणि पोखरेलले अमेरिकी सेनाका चारतारे जर्नेलको भ्रमणका बेला एसपीपीमा हस्ताक्षर गर्न दबाब दिएको समाचार प्रकाशमा आएको भन्दै यसको वास्तविकता के हो ? भनी प्रश्न गरे । नेकपा एमालेका सांसद डा. सूर्यप्रसाद पाठकले अमेरिकाले लामो समयदेखि प्रस्ताव गरेको एसपीपीमा अब नेपालले हस्ताक्षर गर्न लागेको हो ? भनी प्रश्न गरे । नेकपा एकीकृत समाजवादीकी सांसद सरलाकुमारी यादवले अमेरिकाले गरेको १० बुँदे प्रस्ताव के हो ? भन्ने प्रश्न गरिन् ।

नेकपा एमालेका सांसद खेमप्रसाद लोहनीले स्वतन्त्र र असंलग्न परराष्ट्र नीति लिनुपर्नेमा सरकार दक्षिणतिर बढी ढल्किएको आरोप लगाए । उनले एमसीसी र बीआरआईलाई उत्तिकै प्राथमिकता दिनुपर्नेमा एमसीसीतिर बढी ढल्किनुको कारण के हो ? भी प्रश्न गरे ।

सांसदहरुको प्रतिप्रश्नको जवाफ दिँदै फेरि पनि परराष्ट्रमन्त्री डा. खड्काले नेपाल अमेरिकी सैन्य गठबन्धनमा जाने हल्ला निराधार भएको बताए । स्टेट पार्टनरसीप सैन्य रणनीति नभएको प्रष्टीकरण दोहोऱ्याए ।

एसपीपी कुनै सैन्य रणनीति नभएर मानवीय र प्राकृतिक विपत्मा सहकार्य गर्ने तथा साँस्कृतिक आदान-प्रदान गर्ने कार्यक्रम रहेको मन्त्री खड्काको जिकीर छ ।

'अमेरिकाले मानवीय सहयोग गर्ने क्रममा, प्राकृतिक प्रकोप सम्बोधन गर्दै साँस्कृतिक क्षमता आदान-प्रदान गर्ने कन्सेप्टबाट आएको हो, स्टेट पार्टनरसीप प्रोग्राम। यो ट्रिटी होइन, साझेदारी हो' खड्काले भनेका छन्, 'यो अस्थायी खालको कन्सेप्ट हो यो । कुनै खास मिसनपछि यो जान्छ, सकिन्छ ।'

अमेरिकी सेनाको प्यासिफिक कमाण्डका कमाण्डर जनरल चार्ल्स ए फ्लिनको नेपाल भ्रमणपछि नेपाल अमेरिकी सैन्य गठबन्धनमा फस्न लागेको भनी टिप्पणी भएको भन्दै उनले अनावश्यक आशंका नगर्न पटक-पटक आग्रह गरे । नेपाल अमेरिकी सैन्य गठबन्धनमा जान लागेको भन्ने हल्ला निराधार प्रष्टीकरण दिए ।

'यो सरकार स्वाभिमानी छ । देशभक्त छ, म विश्वासका साथ भन्न चाहन्छु- नेपाल सरकार कुनै पनि सैन्य गठबन्धनमा जाँदैन, आवश्यकता छैन,' मन्त्री खड्काले थपे, 'पत्रिकाको हल्लाको आधारमा नजाऔं । सैन्य गठबन्धनमा जाने कुराहरु निराधार हुन् ।'

एसपीपीअन्तर्गत विभिन्न देशका सेनासँग सहकार्य गरेर मानवीय तथा प्राकृतिक प्रकोपका लागि काम गरिने उल्लेख गर्दै थपे, 'जुन अहिले मिडियामा आएको कि सैन्य गठबन्धनमा फस्न लाग्यो नेपाल फ्लिनको भ्रमणले भन्ने, यो खालको कुराहरु होइन ।'

संविधानले मार्गनिर्देश गरेको परराष्ट्र नीतिका मूल्य मान्यताप्रति सरकार प्रतिवद्ध रहेको उनको भनाई छ ।

उनी भन्छन्, 'परराष्ट्र नीतिका निश्चित आदर्श मूल्य मान्यता हुन्छन् । हाम्रो संविधानले निर्दिष्ट गरेको मार्ग निर्देशन, संयुक्त राष्ट्रसंघको बडापत्र, विभिन्न चरणमा गरिएका हाम्रा प्रतिवद्धताहरु, अन्तर्राष्ट्रिय कानुनलगायतका विषयहरुले र हाम्रो मूल तथ्यमा भन्नुपर्दाखेरी हाम्रो राष्ट्रिय हितलाई प्रवर्द्धन गर्ने क्रममा परराष्ट्र नीति अख्तियार गरिन्छ ।'

## एमालेमा...

अध्यक्ष बडालका अनुसार केन्द्रीय अनुशासन आयोगको पुर्ण बैठक उनकै अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय, च्यासल, ललितपुरमा बसेको थियो । बैठकमा पार्टीको आन्तरिक जीवनका सम्बन्धमा छलफल समेत भएको छ । बैठकमा सदस्यहरुले आ-आफ्नो क्षेत्रमा भएका पार्टी काम र त्यस क्रममा देखा परेका समस्याहरुको रिपोर्टिङ गरेका छन् ।

नेताहरुका अनुसार नेता भुसालसँगै अन्य नेताहरुलाई समेत कारबाही गर्नुपर्ने सिफारिस र अनुमोदन भएको छ । तर, कारबाही सिफारिसमा परेका र कारबाही सिफारिस अनुमोदन भएका भुसाल बाहेकका नेताहरुको नाम गोप्य राखिएको छ ।

## एकीकृत समाजवादीका...

उनीहरुको हिसाब अनुसार पार्टीले १० लाख बढी समानुपतिक तर्फ मत प्राप्त गर्ने र अहिले रहेको प्रत्यक्षतर्फको सिट सुरक्षित गर्दा बलियो पार्टीका रुपमा एकीकृत समाजवादी पार्टी स्थापित हुनेछ ।

अहिले पाएको ९ लाख मतको हिसाब पनि एकीकृत समाजवादीको आफ्नै स्टाइलको छ । प्रतिवेदनमा भनिएको छ, 'निर्वाचनमा हाम्रो पार्टीबाट प्रमुख/अध्यक्षको उम्मेदवार भए निजले प्राप्त गरेको मत, प्रमख/अध्यक्ष नभई उपप्रमख/अपाध्यक्षको उम्मेदवार भए निजले प्राप्त गरेको मत, उपप्रमुख/अपाध्यक्षको उम्मेदवार पनि नभए वडाध्यक्षको उम्मेदवारले प्राप्त गरेको मत, वडाध्यक्षको उम्मेदवार पनि नभए वडा सदस्यले प्राप्त गरेको मत नदोहोरिने गरी जोड्दा हाम्रो पार्टीका उम्मेदवारहरुले प्राप्त गरेको कुल मत ९ लाख २३ हजार २१९ छ ।'

अहिले पाएको मतको आधार मात्रै पार्टीको मत भएको स्वीकारोक्ति प्रतिवेदनमै छ । जहाँ भनिएको छ, 'यो मतमध्ये आधा गठबन्धनका अन्य दलहरुको र आधा मात्रै हाम्रो मान्ने हो भने पनि करिब ५ लाख मत हामीले प्राप्त गरेका छौं । हामीले करिब २५ प्रतिशत स्थानमा मात्रै उम्मेदवारी दिदा यति मत प्राप्त भयो भने गठबन्धन नभएका सबै स्थानमा उम्मेदवारी दिएको भए शायद यसको दोब्बरभन्दा बढी मत प्राप्त हुने थियो।'

## आजदेखि मतदाता...

स्थायी ठेगानामा रहने गरी हाल अस्थायी बसोबास गरिरहेको जिल्लाबाटदर्ता गर्न सक्ने व्यवस्था गरेको छ ।

मतदाताले मतदाता नामावलीमा रहेको आफ्नो नाम, ठेगाना, जन्ममिति लगायतका विविवरण सच्याउनलाई प्रमाणदसहित निवेदन दिनु पर्ने आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलअनुसार मतदाताले झुटो विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेमा कुनै पनि व्यक्तिले प्रमाणसहित उजुरी दिएमा नाम दर्ता अधिकारीले छानबिन गरी उक्त नाम हटाउन सक्नेछन् ।

## साउदीमा...

मन्त्रालयले निषेधित समयमा काममा लगाए कम्पनीविरूद्ध कारबाही गरिने भन्दै टोल फ्री नं. १९९११ मा गुनासो टिपाउन अनुरोध गरेको छ ।

## नासा ह्युमनमा...

दर्ता गराएको जाहेरीमा भनिएको छ, 'वैयक्तिक तथा संस्थागत गोपनीयताको समेत ख्याल नगरी जबरजस्ती बल प्रयोग गरी असुरक्षा उत्पन्न गराई सुरक्षागार्ड समेतलाई लडाएर भित्र प्रवेश गरी जाहेरवाला र संस्थाको कर्मचारीलाई गालीगलौज गरी हातपात र लछारपछार गर्दै टेबल कुर्सी तोडफोड गरेर क्षति पुऱ्याई डर धाकधम्की दिई मानसिक यातना दिएकाले मुलुकी अपराध संहिता २०७४ को दफा ११८ को उपदफा २ अनुसार हदैसम्मको कारबाही गरी पाउँ ।'

प्रा.लि.का सञ्चालक गुरूङले एकपक्षीय प्रचारले आफू पीडित भएको र चरित्र हत्यासमेत भएको भन्दै प्रेस काउन्सिलमा समेत उजुरी दिएका छन् । अतिरञ्जित सामग्रीको व्यापार गर्ने युट्युबरलाई कडा नियमन भइरहेको प्रेस काउन्सिलले जनाएको छ ।

सञ्चालक गुरूङले वाध्यतावश फर्काइएका नेपाली कामदारको विषयमा वैदेशिक रोजगार विभागमार्फत छलफल भइरहेका बेला कार्यालयमा आक्रमण हुनु गम्भीर चिन्ताको विषय भएको बताएका छन् ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०३/०१**

**के.जि.के.सप्लार्यस प्रा.लि.** को मिति **२०७८/१२/०६** गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **के.जि.के.सप्लार्यस एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: १२३२००)**, कायम गर्ने गरी मिति **२०७९/०२/२४** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**म्यानपावर चाहियो**

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर चाहिएकोले बिक्री गर्न चाहने ईच्छुक व्यक्तिहरूले तु-सम्पर्क गर्नु होला ।

**सम्पर्कः ९८६०८०९९७८**

**मलेशियामा रोजगार** GEOPANCAR SDN. BHD., KUALA LUMPUR पुनः विज्ञापन
पुर्व स्विकृति मितिः 2079.01.04 चलानी नं. 60177979 LT No. 261253

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constrctions Worker | 129 | 1200 | 34777 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०७९ असार ८ गते (22 June 2022) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

# सातवटै प्रदेशमा पाठ्यपुस्तक छपाइ



**काठमाडौं/मस–** सरकारले यसै वर्षदेखि लागि सातवटै प्रदेशस्तरमा विद्यालय तहका पाठ्यपुस्तक छपाइ शुरु गर्ने भएको छ ।

स्थानीय तहको निर्वाचनको मतपत्र छपाइ र कागज अभावका कारण यस शैक्षिकसत्रका लागि निःशुल्क पाठ्यपुस्तक छपाइ तथा वितरण पर्याप्त हुन नसकेको सन्दर्भमा पाठ्यपुस्तक पुग्न नसकी पढाइमा सहजताका लागि सामग्री उपलब्ध गराउने गरी सरकारले वैकल्पिक व्यवस्था पनि गर्दै आएको छ ।

शैक्षिक सत्र २०७९ मा विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन गर्न कक्षा १ देखि १२ सम्मको सरकारी स्वामित्वको पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट छपाइ तथा वितरण हुने व्यवस्था भए तापनि कक्षा १-३ को पाठ्यपुस्तक निजी प्रकाशनबाट र कक्षा ११-१२ को साझा प्रकाशनमार्फतसमेत छपाइ तथा वितरण हुने व्यवस्था मिलाइएको छ ।

केन्द्रबाट कक्षा ४-१० सम्मका विद्यार्थीका लागि जम्मा एक करोड ९६ लाख थान पाठ्यपुस्तक छपाइ गरी वितरण गर्नुपर्नेमा हालसम्म एक करोड ७० लाख थान छपाइ तथा वितरण भइसकेको छ भने बाँकी छपाइ सम्पन्न हुने क्रममा रहेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक, २०७९ अन्तर्गतको छलफलका क्रममा सांसद्हरुले राखेका जिज्ञाशामाथि जवाफ दिँदै कोभिड-१९ का कारणबाट शैक्षिक सत्र २०७८ मा विद्यालय लामो समय बन्द रहेका र विद्यार्थीको पढाइमा पुगेको क्षति कम गरी उक्त सत्रमा हुनुपर्ने पढाइलाई पूरा गर्न शैक्षिक सत्र २०७९ असार पहिलो साताबाट हुने भनिएको र सोही अनुसार छपाइका पूर्व तयारी भएको अवस्थामा सरकारबाट जेठ १ बाट नयाँ शैक्षिक सत्र सुरु गर्ने निर्णय हुँदा एक महिना अघि शैक्षिक सत्र सुरु भएको तथा रुस र युक्रेन युद्धका कारण कागज आपूर्तिमासमेत प्रभाव पर्दा छपाइमा केही ढिलाइ हुन गए तापनि मन्त्रालयको नियमित अनुगमन तथा निर्देशनका कारण पुस्तक छपाइ नियमित रुपमा हुन सकेको अवगत गराए ।

शिक्षामन्त्री पौडेलले शिक्षा क्षेत्रमा अपेक्षाअनुसार बजेट विनियोजन नभए पनि अन्य मन्त्रालयको तुलनामा सबैभन्दा बढी रकम शिक्षा मन्त्रालयका लागि विनियोजन भएको बताए । मन्त्री पौडेलले बजेट बढाउन आफूले सक्दो कोसिस गरेको र सांसदहरुले पनि त्यसमा चासो दिएकामा धन्यवाद दिए ।

उनले बजेट तर्जुमाका क्रममा मन्त्रालयलाई चालु आर्थिक वर्षकै निरन्तरताका आधारमा बजेट सीमा प्राप्त भएकामा आफूहरुले आपत्ति जनाएर राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा गम्भीररुपमा छलफल गरेको अवगत गराउँदै सरकारको नीति तथा कार्यक्रममा कक्षा ८ सम्मका विद्यार्थीका लागि दिवा खाजा दिइने भनिएकामा बजेट वक्तव्यमा कक्षा ६ सम्मका मात्रै भनिएकाले त्यसलाई कक्षा ८ सम्ममै खाजा उपलब्ध गराउन अझै पहल गरिने विश्वास व्यक्त गरे ।

आर्थिक वर्ष २०७९/८० का लागि सरकारको कूल बजेट रु १७ खर्ब ९३ अर्ब ८३ करोडमध्ये शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट कार्यान्वयन हुने नेपाल सरकार, प्रदेश र स्थानीय तहका लागि जम्मा रु एक खर्ब ९६ अर्ब ३८ करोड छुट्याइएको छ । यो वर्ष कूल विनियोजनको १० दशमलव ९५ प्रतिशत शिक्षामा छुट्टा्यइएको छ । शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रको बजेटमध्ये एक खर्ब २१ अर्ब १ करोड (६१दशमलव ६२ प्रतिशत) अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा शैक्षिक व्यवस्थापनका लागि सोझै विनियजित भई जान्छ । प्रदेश तहमा प्रमुखरुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन र विद्यालय शिक्षक तालिम कार्यक्रमका लागि जम्मा रु पाँच अर्ब ३२ करोड (२ दशमलव ७१ प्रतिशत) सोझै विनियोजित भई जान्छ । मन्त्रालय तहमा जम्मा ७० अर्ब पाँच करोड बजेट (३५ दशमलव ६७ प्रतिशत) विनियोजन भएको छ । मन्त्रालयमा विनियोजन भएको बजेटमध्ये राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, माध्यमिक तहका विद्यार्थीका लागि सीपमूलक तालिम तथा कक्षा ६ का विद्यार्थीका लागि दिवाखाजा कार्यक्रम आदिका लागि झण्डै रु ११ अर्ब स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था रहेको छ ।


## साउदीमा बैदेशिक रोजगारको अवसर

कम्पनी :Jawa Human Resources Co. शहर: Saudi Arabia, Al-Khobar पुन विज्ञापन

पूर्व स्वीकृती मिति : २०७८/११/०५ चलानी नं.६०१७४६६७ LT No. 258224

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Common Worker | 54 | काममा दक्ष | 1000 | ३२,२०० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने /रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/– कामदार आफैंले | रु १५००/– कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०७९ असार ८ गते (22 June, 2022) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np


## डुडुवा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**बनकट्टी, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०३/०१**

यस कार्यालयको मिति २०७८/११/१० मा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम इ-बिडिङ्गका माध्यमबाट दर्ता भएका बोलपत्रहरू खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सफल भएको तपसिलको बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०७९/०३/०८ गते ठीक १४ बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाता |
|---|---|---|---|
| १ | DRM/NCB/ Works/19/2078–079 | पूर्वबाडीदेखि रामनगर पाझासम्म सडक निर्माण कार्य | नारायणम् निर्माण सेवा प्रा.लि., नेपालगंज -१८, बाँके । |

**प्रमुख प्रशासकीय अधिकृत**

## शिखर नगर कार्यपालिको कार्यलय
**तलकोट डोटी**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०३/०१**

यस कार्यालयको मिति २०७९/०१/१६ मा नयाँ पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सुचना 07-078/79/NCB/SMDOTI को तपसिल बमोजिमका ठेक्काको सुचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका शिलबन्दी बोलपत्रहरुको प्राबिधिक प्रस्ताव मुल्याकंन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (चौंथौ सनसोधन २०७३) को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतिको लागि छनौट भएको सुचना सम्बन्धित सबैको जानकारीको लागि आज मिति २०७९/०३/०१ मा प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Works | Name And Address of Successful Bidders | Opening Date, Time And Venue |
|---|---|---|---|---|
| 1 | 07-078/79/ NCB/SM DOTI | Construction work of administration office building at shikhar municipality | P.S. Construction, Doti | Date: 2079/03/08 BS<br>Time: 12:00 Noon<br>Venue: Shikhar Municipality Office Talkot Doti |

**प्रमुख प्रशासकिय अधिकृत**

# भुमे पर्वको अवसरमा दुई दिन सार्वजनिक विदा



**सन्दिप खड्का/मध्यान्ह**
रोल्पा, ३१ जेठ

रोल्पाको थबाङ र सुनछहरी गाउँपालिकाले भुमे पर्वको अवसरमा दुई दिन सार्वजनिक विदा दिने भएको छ ।

मगर समुदायले मनाउने भुमे पर्वको अवसरमा गाउँपालिकाले असार १ र २ गते सार्वजनिक विदा दिने निर्णय गरेको हो ।

भुम्या पर्वको अवसरमा रोल्पा र रुकुम पुर्व जिल्लामा असार १ गते लुम्बिनी प्रदेश सरकारले विदा दिँदै आएको छ । सोहि अवसरमा गाउँपालिकाले १ दिन बिदा थप गरी २ दिन बिदा दिने निर्णय गरेको दुई वटै गाउँपालिकाले सूचनामार्फत जानकारी गराएका छन् । सुनछहरी गाउँपालिकाको वडा नं. ७ जेलबाङमा असार १ गतेदेखि ३ गतेसम्म भुम्या मेला लाग्ने गर्दछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५०/०२/०३ मा दर्ता भएको **प्रा.लि. नं. १०३०१७** को **तारा लुब्रिकेन्ट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना
**प्रथम पटक प्रकाशित मिति २०७९/०३/०१**

यस सा.व.स. बाट संकलित साल चिरान काठ ३२६.६४ क्युफिट र खयर काठ १२१५.४१ क्युफिट (स्यापउड सहित) विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**देवीस्थान सिमलस्वाँरा सामुदायिक वन उपभोक्ता समूह, आँबुखैरेनी– ६, तनहुँ**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०५/११ मा दर्ता भएको **प्रा.लि. नं. ६५५२०** को **झ्याली ओटोमोबाइल्स प्रा.लि.** को मिति २०७९/०२/३१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०३/०१ (सूचना नं. ००४/०७८/७९ लिलाम)**

विभिन्न वन मुद्दामा वरामद भएका एवं वेवारिसे भेटि डिभिजन वन कार्यालय तनहुँ ल्याई घाटगद्दी गरी राखिएका समेत लट नं. १ देखी ४ सम्मका विभिन्न प्रजातीको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी वोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले प्रथम पटक २१ (एक्काईस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**तपशिलः**

१. आँवुखैरेनी ५ सिधान तनहुँमा वेवारिसे फेला परेका साल चिरान थान ६० को ७५.४७ क्यू. फिट काठ ।
२. प्रतिवादी कम बहादुर तामाङ समेत भएको देवघाट ५ तनहुँमा वरामद भएको साल चिरान थान ७४ को ५०.२६ क्यू. फि. काठ ।
३. प्रतिवादी बोनिस थापा समेत भएको ऋषिङ तनहुँमा वरामद भएको साल चिरान थान ३० को ३७.७३ क्यू. फि. काठ समेत ।
४. प्रतिवादी सरस्वती वस्ती समेत भएको ब्यास १ तनहुँमा वरामद भएको साल गोलिया थान ८ को ३८.५५ क्यू. फि. र साल चिरान काठ थान ३७ को ४४.९३ क्यू. फिट काठ ।

**श्री डिभिजन वन कार्यालय, तनहुँ , दमौली।**
**फोन नं. ०६५५६३१३५**

### दुधकोशी सा.व.उ.स. चौदण्डीगढीनपा–१ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति २०७९।०३।०१**

यस समूहले आर्थिक बर्ष २०७८।०७९ मा संकलन गरी समुहको घाटगद्दीमा रहेको लट नम्बर १ को साल जातको गोलिया थान ४० को २६७.०२ क्यू.फि., लट नं. २ को साल जातको गोलिया थान ४० को २८४.६९ क्यु. फिट, लट नम्बर ४ खयर जातको गोलिया ९६ को ९४१.८९ क्यूफिट काठ समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोल पत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

## Aathabis Municipality
## Office of the Municipal Executive
**Rakamkarnali , Dailekh**

### Invitation for Bid

**First Date of Publication: - 2079/03/01 BS, 2022/06/15 AD**

1. *Aathabis Municipality Rakamkarnali, Dailekh* invites sealed bids (Sealed quotation) from eligible Nepalese bidders for the following Goods.

| Contract No/ Bid No | Description of Works | Estimated Amount ( With VAT) | cost of Bidding Document (NRs) | Bid bond Amount (NRs) | Last date and time of bid Purchase | Last date and time of bid submission | bid opening date and time | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| AM/SQ/ GOODS/ 08-2078/079 | Procurement & Delivery of Sanitary pads at Aathabis Municipality, Dailekh | 2,302,262.00/- | 1,000/- | 58,000/- | 2079/03/15 at office time | 2079/03/16 at 12:00 hours | 2079/03/16 at 14:00 hours | 45 days | SQ ( only manually allowed ) |

2. Eligible Bidders may obtain further information at office: Aathabis municipality, office of Municipal Executive, Rakamkarnali, Dailekh or may visit www.aathabismun.gov.np or 089690475.
3. Bidders has submit their bid at office: Aathabis municipality, office of Municipal Executive, Rakamkarnali, Dailekh, should deposited the cost ( as specified above ) of bidding document in the office's Rajaswa ( revenue ) account as specified below and the original Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids at the office of Aathabis municipality. Information to deposit the cost of bidding document in bank :

**Name of bank** : Nepal investment bank Ltd.daba branch,Dailekh
**Office A/c no** : 06301400250085
**Name of office** : Aathabis Municipality office of Municipal Executive, Rakamkarnali, Dailekh

4. The bid security may either be in the form of a bid security issued by authorized financial institution or cash deposited in Aathabis municipality deposit account Nepal investment bank, Daba branch, Dailekh A/c no 06301400250030
5. Bids must be submitted to Aathabis Municipality, Rakamkarnali, Dailekh through manually on or before specified date and time mentioned above. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at specified date and time mentioned above at Aathabis Municipality, Rakamkarnali, Dailekh. Bids must be valid for a period of (45 days for sealed) after bid opening and must be accompanied by a bid security amount shall be valid (minimum 75 days for sealed quotation) for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall as considered as the last date, In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission .
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of Nepal.

**Chief Administrative officer**

मध्यान्ह
www.madhyanhadaily.com
१ असार २०७९, बुधबार
15 June 2022, Wednesday

## सम्पादकीय

# राष्ट्रहितको पक्षमा एकताबद्ध निर्णय

प्रधानमन्त्री शेरबहादुर देउवाको सम्भावित अमेरिका भ्रमणलाई स्टेट पाटनरशीप प्रोग्राम (एसपीपी) सँग जोडेर अनेक आशंका गरिएको छ। मंगलबार प्रतिनिधिसभा बैठकमा सांसदहरूले एसपीपी र प्रधानमन्त्री देउवाको भ्रमणबारे प्रश्न उठाए। सोमबार एसपीपीको मस्यौदा सञ्चार माध्यमहरूबाट सार्वजनिक भएपछि सांसदहरूले परराष्ट्रमन्त्री डा.नारायण खड्कासँग प्रश्न गरेका थिए। अमेरिकाको इण्डो–प्यासिफिक रणनीतिकै अंगका रूपमा एसपीपी रहेको र त्यसमा जान नहुने जनमत नेपालमा केही वर्षबाटै चल्दै आएको हो। तर एसपीपीको मस्यौदा सार्वजनिक भएपछि राष्ट्रिय राजनीतिको चासो फेरि त्यसतर्फ मोडिएको छ। आगामी आर्थिक वर्षको बजेटमाथि मन्त्रालयगत जवाफ दिने क्रममा परराष्ट्रमन्त्री खड्कालाई एसपीपीबारे पनि सांसदहरूले प्रश्न गरे। मन्त्री खड्काले भने अस्पष्ट जवाफ दिए।

मन्त्री खड्काले एसपीपी इण्डो–प्यासिफिक रणनीतिकै अंग भएपनि यो सैन्य कार्यक्रम नभएको प्रष्टोक्ति दिएका थिए। यो प्राकृतिक विपत्तिविरूद्ध सहकार्य कार्यक्रम भएको मन्त्री खड्काले जवाफ दिए। यसअघि अमेरिकी सहायता परियोजना एमसीसीलाई पनि अमेरिकी सैन्य कार्यक्रमसँग जोडेर विरोध गरिएको थियो। तर व्याख्यात्मक टिप्पणी सहित एमसीसी अनुमोदन भयो। एमसीसी अनुमोदन लगत्तै एसपीपीको मस्यौदा सार्वजनिक भयो। मन्त्री खड्काले भने शंकाको दृष्टिकोणले नहेर्न आग्रह गरे। अहिलेसम्म चलेको बहस, विरोध र जनमत हेर्दा मन्त्री खड्काको जवाफले यो मामिला शान्त हुने सम्भावना कम देखिन्छ। किनकि राष्ट्रहितसँग जोडेर अमेरिकी परियोजना इण्डो–प्यासिफिक रणनीति, एमसीसी सँगै एसपीपीको विपक्षमा नेपालमा ठूलो जनमत छ।

अझ सत्ता साझेदार दलहरूभित्रै यी विषयहरूमा मतैक्य छैन। नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका सांसदहरू अमेरिकी यी परियोजनाको विपक्षमा छन्। तर सरकारको नेतृत्व गरिररहेको नेपाली कांग्रेसका सांसदहरू भने एमसीसीको पनि पक्षमै थिए भने मन्त्री खड्काले पनि सैन्य संयन्त्र नभएर बिपतविरूद्धको सहकार्य भन्ने जवाफ दिएका छन्। जबकी अमेरिकी दूतावासले मंगलबार एसपीपीमा सोमल हुने वा नहुने निर्णय नेपालमै भर पर्ने प्रतिक्रिया दिएको छ। मन्त्री खड्काकै जस्तो भाषामा दूतावासले पनि यो विपतविरूद्धको सहकार्य भनेको छ। अहिलेको विकसित राजनीतिक शक्ति समीकरण र अन्तर्राष्ट्रिय स्वार्थ सम्बन्धका कारणले एसपीपीको विषय त्यसै हराएर जाने देखिन्न। यस्तो बेला दलहरूले आफू अनुकुल व्याख्या गर्ने नभएर देशहितको पक्षमा एकमतका साथ उचित निर्णय लिन जरूरी हुन्छ। राष्ट्रिय एकताका साथ आवश्यक बहस मार्फत यस्ता प्रस्तावबारे उचित निर्णय लिनु देशहितमा हुनेछ।

# जनशक्ति विकासको सवाल

*जनशक्ति विकास, उत्पादन र प्रयोगमा नेपाल सरकारका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र संवैधानिक आयोगका क्षेत्रहरूमा मानव पुँजी अभिवृद्धिका लागि के–के गतिविधि भइरहेका छन् ? ती कार्यहरूको विवरणहरू आ–आफ्नै कार्यमूल्यांकन तथा समीक्षा साथ विवरणहरू जनशक्ति विकास नीति, योजना तथा कार्यक्रमका लागि अति आवश्यक भएको छ।*

**अग्रलेख**



● ईश्वरीप्रसाद पोखरेल

सरकार कार्य विभाजन नियमावली, २०७४ मार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सरकारले मुलुकको मानव संशाधन, आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना तयार गर्ने जिम्मेवारी दिएको छ। यसै उद्देश्य पूर्तिका लागि मन्त्रालयले, अध्ययन तथा विवरण संकलन फाराम, २०७९ विकास गरेको छ। मन्त्रालयको यस अध्ययनमा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगका निकायगत निजामती सेवामा प्रवेश भएका विषयगत क्षेत्र, सेवा, समूहगत तथा उपसमूहगत साधारण तथा प्राविधिक तथा व्यावसायिक क्षेत्रका जनशक्तिको यथार्थ विवरण संकलन गरिनुपर्ने हुन्छ।

मन्त्रालयले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगका निकायहरूले आ-आफ्नो सेवाको कार्य प्रकृति र विशिष्टताअनुरूप 'मानव संसाधन, आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना' फाराम भर्न तथा भराउन लाग्नुपर्ने हुन्छ। निकायगत सेवाको औचित्य र विशिष्टतासहित सेवाप्रतिको आकर्षणका आधारहरू सेवा, समूह, उपसमूहको विवरण स्पष्ट खुलाएर मात्र सही अवस्था पहिचान गर्नुपर्ने हुन्छ। कार्यालय सहयोगीदेखि विशिष्ट श्रेणी र अधिकांश पक्षमा कार्यालय सहायकका अति न्यून तहका पदहरूदेखि सहसचिवसम्मका पदमा कार्यरत जनशक्तिहरूको कार्य विवरण, सार्वजनिक जवाफदेहिता र कार्यभारसमेतको अध्ययन गरिनु न्यायोचित हुन्छ।

संघीय तहका सबै कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगका निकायगत जम्मा जनशक्ति संख्या, पद, अवस्था, सेवा अवधिमा पदोन्नति तथा वृत्ति विकासका ढाँचाको अध्ययन हुनु र गरिनु अति आवश्यक छ। सबै पक्ष उद्घाटन हुने प्रश्नावलीहरू समेटिएका फारामहरू तयार गरिएका छन्। राज्यका सार्वजनिक सेवा प्रदायक निकायहरूमा आ-आफ्नो सेवाको कार्य प्रकृति र विशिष्टताअनुरूप गठित राज्यका सार्वजनिक सेवा, तीभित्रका समूह तथा विशिष्टीकृत उपसमूहहरूको कार्य विवरणमा केन्द्रित भएर फारामका जिज्ञासा उद्घाटित हुन सक्ने गरी सबै जिम्मेवार निकायहरूले फाराम भर्नु, भराउनु पर्ने हुन्छ। निजामती सेवा नै मुलुकको सुशासनको मुख्य आधार (निजामती सेवा तथा सार्वजनिक सेवाको आदर्श तथा उत्कृष्ट नमुना हुनु पर्दछ) भन्ने मान्यता भएकोले, पहिलो चरणमा अध्ययनका लागि फाराममा पस्किएका विविध जिज्ञासा, प्रश्न तथा अवस्थाहरूप्रति कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगका निकाय तथा जिम्मेवार पदाधिकारीहरू बढी संवेदनशील हुने आशा गरिनु अन्यथा नहोला।

मन्त्रालयको यो अध्ययनको मुख्य उद्देश्य मुलुकको सार्वजनिक क्षेत्रको जनशक्ति विकासका लागि एकीकृत सूचना संग्रहयुक्त अभिलेख तयार गर्ने छ। संस्थागत विशिष्टता पहिचान गरी मागअनुसारका जनशक्ति तयार पार्न शैक्षिक तथा तालिम नीति, योजना र कार्यक्रम विकासमा योगदान पुऱ्याउनु हुन्छ। जनशक्तिको कार्य क्षमतामा मुलुकको विकास र समृद्धि निर्भर भएकोले सबै निकायहरूबाट निःशंकोच उदारतापूर्वक विवरण, धारणा तथा राय सुझाव माग गरिएका प्रश्नका उत्तरहरू सक्रियता र सृजनशीलता साथ प्राप्त हुने तथा सबैको सहयोग र योगदानमा 'मानव संसाधन, आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना' मुलुकको निर्माण गर्न सकिने मन्त्रालयले पूर्ण आशा गरेको छ।



मुलुकको वैज्ञानिक जनशक्ति विकास, उत्पादन, प्रयोग तथा नतिजा प्राप्त गर्ने मानव संसाधन विकास नीति, योजना, कार्यक्रम बनाउन सकिने र शैक्षिक निकायहरूलाई परिचालन गर्न, गराउन आधार तयार हुने मन्त्रालयको पूर्ण विश्वास छ।

फाराममा निकायले सञ्चालन गर्ने सेवाको क्षेत्र तथा विवरण, बहन तथा सम्पादन गर्ने कार्यको विवरण, सम्बन्धित ऐन कानूनहरुको सूची लगायत समाविष्ट हुनेछ। निकायगत उपस्थिति विवरणअन्तर्गत केन्द्रीय निकाय र तह, केन्द्र तथा प्रदेश तहमा, केन्द्र, प्रदेश तथा जिल्ला तह मात्र, केन्द्र, प्रदेश, जिल्ला र निर्वाचन क्षेत्र वा प्रशासनिक इलाका तहसम्म, केन्द्र, प्रदेश, जिल्ला र निर्वाचन क्षेत्र वा प्रशासनिक इलाका, स्थानीय तहसम्म र केन्द्र, प्रदेश, जिल्ला र निर्वाचन क्षेत्र वा प्रशासनिक इलाका, स्थानीय तहको वडासम्मका विवरण हुनेछ।

यी माथिका चार क्षेत्र तथा विषय सञ्चालन, कार्य नतिजासित प्रत्यक्ष सम्बद्ध जनशक्तिको विषयलाई मूल लक्ष्यमा राखेर फारामका ढाँचामा विवरण उपलब्ध गर्न गराउन निम्नानुसारका प्रश्नहरूको उत्तर लेख्ने, विकल्प छनोट गर्ने र अनेकौं उपायहरू सुझाउ दिने खालका विवरणहरु समावेश गर्न सकिने फारामहरू विकास गरिएका छन्। अध्ययनको विश्वास छ, एउटा राम्रो अभिलेख तयार हुनुपर्नेछ। सार्वजनिक सेवालाई मुख्य जिम्मेवार बनाउन निकायका संगठनभित्रका असल अभ्यास र मर्यादा विपरीतका कार्य हुँदा क्षतिपूर्ति भर्ने, भराउने व्यवस्था आदिका विषयमा के-के हुनु तथा गरिनु पर्दछ ? अध्ययन आवश्यक छ।

सरकारी, सार्वजनिक, गैरसरकारी तथा निजी क्षेत्र समेतमा कार्यरत संगठन तथा पदाधिकारी वर्गका र समग्र बुद्धिजीवी वर्ग, विज्ञ तथा आम सर्वसाधारण जनता तथा कर्मचारीहरूका कुनै राय सुझाव, फरक चिन्तन, धारणा भए, मन्त्रालयको जनशक्ति विकास योजना तथा समन्वय शाखासँग निःशंकोच सम्पर्क गर्न तथा मौखिक, लिखित र मेल, इमेल र लेख रचनाहरूबाट सहयोग पुऱ्याउन सकिने छ। मन्त्रालयले यी विषयमा केन्द्रित भएर कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगका निकायगत अध्ययनबाट 'मानव संसाधन, आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना' को आफूलाई प्राप्त अभिभारा पूरा गर्ने लक्ष्यसाथ शाखाले काम सम्पादन गरिरहेछ।

व्यक्तिमा आचरणगत नैतिकता, सदाचारीपन तथा आफूलाई तोकिएको कामकारबाहीप्रति पूर्ण निष्ठासाथ सार्वजनिक रूपमा जबाफदेही हुने कुशलता सुशासन हो। सार्वजनिक पदीय ओहदाधारी व्यक्तिमा पूर्ण पारदर्शी कार्य व्यवहारका पेसागत सक्षमता तथा सीपयुक्त दक्षता विशिष्ट जनशक्तिका द्योतक हुन्। यिनको उचित व्यवस्थापनले मात्र मुलुक सुशासित तथा समृद्धिका मुख्य आधारभूत सर्त मानिन्छन्।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ईमास्को नेपाल प्रा. लि.
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८ , Mob.: 9818191788, 9808505819

मध्यान्ह
www.madhyanhadaily.com
१ असार २०७९, बुधबार
15 June 2022, Wednesday

# बक्स अफिस समाचार

## ‘कबड्डी ४’ बन्यो सर्वाधिक कमाउने नेपाली फिल्म



**काठमाडौं/मस-** जेठ १३ गतेबाट प्रदर्शनमा आएको फिल्म ‘कबड्डी ४’ले कमाईमा नयाँ कीर्तिमानी बनाएको छ। प्रदर्शनको दुई हप्तामा फिल्मले १८ करोड ७८ लाख कमाएको जानकारी दिइएको थियो। तेस्रो हप्ताको सप्तान्हसम्म फिल्मले २० करोडमाथि कमाई गरेको दाबी निर्माण पक्षको छ। मंगलबार सर्वाधिक कमाई गर्ने फिल्म भन्दै निर्माण टिमले २० करोड लेखिएको एक पोस्टर जारी गरेको छ।

नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाउने फिल्मको रेकर्ड ‘छक्का पञ्जा ३’को नाममा थियो। यो फिल्मले बक्सअफिसमा २० करोड कमाएको दाबी दीपकराज गिरीले गरेका थिए। अब २० करोडभन्दा बढी कमाउँदै ‘कबड्डी ४’ सर्वाधिक कमाई गर्ने पहिलो नेपाली फिल्म बनेको छ। यो फिल्म तेस्रो हप्तामा पनि मल्टीप्लेक्समा उच्च शोजसहित हाउसफुलका साथ प्रदर्शन भइरहेको छ।

‘कबड्डी ४’लाई ‘कबड्डी’ ब्रान्डको अन्तिम सिरिज भनेर प्रचार गरिएकाले फिल्मले कमाईमा उछाल ल्याएको कतिपयको विश्लेषण छ। फिल्म प्रदर्शनसँगै विभिन्न विवादमा पर्नुले पनि व्यापारमा फाइदा पुगेको देखिन्छ। तर, तेस्रो हप्ताको विकेन्डसम्म फिल्मले २० करोडमाथि कमाएको भन्ने दाबी सिर्फ ‘छक्का पञ्जा ३’को रेकर्ड तोडेको देखाउनका लागि मात्र रहेको कतिपयको टिप्पणी छ।

रामबाबु गुरुङ निर्देशित फिल्ममा दयाहाङ राई, सौगात मल्ल, मिरुना मगर, बुद्धि तामाङ, विजय बराल, गौमाया यात्री, पुष्कर गुरुङ, कमलमणी नेपाल, कविता आले, जयनन्द लामा, प्रकाश घिमिरे, कमलमणी नेपाललगायतको अभिनय छ। फिल्मको कथा रामबाबुले उपेन्द्र सुब्बासँग मिलेर लेखेका हुन्। अब रामबाबुले ‘कबड्डी’ सिरिजलाई विट मार्दै ‘मास्टर बमकाजी’ बनाउँदैछन्।

यसैबीच ‘कबड्डी-४’ सिक्किममा प्रदर्शन नहुने भएको छ। सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ गोलेले मंगलबार फेसबुकमार्फत कबड्डी-४ सिक्किममा रिलिज गर्न नदिने निर्णय भएको जानकारी दिएका छन्।

उनले कबड्डी-४ को समस्या समाधान नभएसम्म चलचित्र रिलिज हुन नदिइने स्पष्ट पारेका छन्। कबड्डी-४ सिक्किममा आउँदो शुक्रबार रिलिज हुने तय थियो। यो चलचित्र सिक्किमसहित भारतमा सुष्मा प्रोडक्सनले वितरण गर्ने राइट्स लिएको छ।

सिक्कमका बौद्धधर्मगुरुले अहिलेकै अवस्थामा चलचित्र रिलिज हुन नदिने कही दिन अगाडि पत्रकार सम्मेलन गरेर चेतावनी दिएका थिए। सिनेमा लगाए सिक्किमका लामा समुदाय विरोधमा उत्रिने र हल तोडफोड भए त्यसको जिम्मेवारी स्थानीय प्रशासन स्वयं हुने पत्रकार सम्मेलनमा धर्मगुरु ओड्दी पिन्त्सोको चेतावनी थियो।

स्थानीय सरकारलाई चलचित्र कबड्डी-४रिलिज गर्न नदिन उनले आग्रह गरेका थिए। उनले नायिका मिरुना मगरले बौद्ध भिक्षुलाई थप्पड हानेको र माफी मगाएको घटनाले सम्पूर्ण बौद्ध भिक्षुहरूको अपमान भएको बताएका थिए।

पिन्त्सोले पत्रकार सम्मेलन गर्दा नेपालमा मिरुना र उनले थप्पड हानेका फुर्पा लामाबीच सहमति भइसकेको थियो। सहमतिमा उनीहरूले एकार्कालाई माफी दिएको उल्लेख थियो।

तर यो सहमति चित्तबुझ्दो नभएको उनले बताए। सहमतिपछि फुर्पाले आफू निर्दोष रहेको तर मिरुनाको आग्रहका कारण सम्झौता गरेको बताएका थिए। धर्मगुरु पिन्त्सोले यही विषयलाई लिएर घटना पूर्ण रूपमा ‘सेटलमेन्ट’ नभएसम्म सिक्किममा सिनेमा चल्न नदिने बताएका छन्। उक्त सहमतिपछि यो घटनालाई लिएर चलचित्र निर्माण पक्ष र फुर्पाबीच थप केही सहमति भएको छैन।

## इन्दिरा र शरदले कसे लगनगाँठो



**काठमाडौं/मस-** गायिका इन्दिरा जोशी र फेसन डिजाइनर शरद केडियाको विवाह सम्पन्न भएको छ। चितवनको मेघौलीमा रहेको बाराही जंगल लजमा मंगलबार उनीहरूले विवाह गरेका हुन्। सामाजिक सञ्जालमा विवाहको तस्बिर पोष्ट गर्दै इन्दिराले लेखेकी छन्, ‘अब आधिकारिक रूपमा श्रीमान र श्रीमती भयौं।’

सोमबार मेहेन्दी उत्सवको तस्विर सार्वजनिक गरेका उनीहरूबीच मंगलबार विवाह भएको हो। दुलाहा र दुलही पक्षका केही सिमित व्यक्तिको उपस्थितिमा उनीहरूको विवाह भएको हो। सरदका आफन्त यही वर्ष वितेका कारण विवाहमा दुवै पक्षले धेरैलाई नबोलाएको बताइएको छ।

३ वर्ष लामो प्रेम सम्बन्धलाई इन्दिराले वैवाहिक जीवनमा परिणत गरेकी हुन्। शरदले एक वर्ष अगाडि हेलिकप्टरबाट नाम्चे बजार लगेर इन्दिरालाई विवाहको प्रस्ताव गरेका थिए। इन्दिराले पनि सोही ठाउँमा विवाह प्रस्ताव स्वीकारेकी थिइन्।

शरद पेशाले फेसन डिजाइनर हुन्। यो जोडीले चाँडै काठमाडौं र विरगञ्जमा रिसेप्सन पार्टी दिने योजना बनाएको जानकारी प्राप्त छ। फिल्म ‘लुट’को ‘उध्रेको चोली छ है’ गीतबाट चर्चामा आएकी इन्दिराको ‘म त मर्छु कि क्या हो’, ‘मोटरसाइकलमा’, ‘रेलिमाई’, ‘चौबन्धी चोली अनि रातो घाँगर’ जस्ता गीतहरु हिट छन्।

## ‘हिजोआजका कुरा’ असार अन्तिम साता



**काठमाडौं/मस-** डेढ दशकअघि नेपाल टेलिभिजनबाट प्रसारित लोकप्रिय हास्यटेलीफिल्म ‘हिजोआजका कुरा’ ले सन्तोष पन्तलाई चर्चित बनायो। पछिल्लो समय सन्तोष पन्त यही नामको फिल्म लिएर दर्शक सामु आउँदै छन्।

सन्तोष पन्तका छोरा साकार पन्तको निर्देशनमा तयार भएको फिल्म असोज २८ मा रिलिज हुने भएको छ। निर्देशक पन्तका अनुसार यसले काठमाडौंका चार परिवारको कथा पेश गर्नेछ। विदेश जान खोज्ने चार परिवारको कथा उनिएको फिल्ममा सन्तोष पन्त र रमा थपलियासँगै अभिनेत्री केकी अधिकारी, ऋचा शर्मा, रिमा विश्वकर्मा, जेविका कार्की, रमेश अधिकारी लगायतका कलाकारको अभिनय रहेको छ।

‘हिजोआजका कुरा’ नाम मै फिल्म बनेता पनि श्रृङ्खलासँग सम्बन्धित नभएको निर्माण टिमले जनाएको छ। यही नामले आफ्नो ब्राण्डलाई चिनाएकाले यो नाम लिइएको निर्देशक पन्तले बताए।

फिल्मले यसअघि २०७७ वैशाख १२ गते प्रदर्शन मिति तोकेको भए पनि कोरोना संक्रमण रोकथामका लागि निषेधाज्ञा जारी हुँदा प्रदर्शन अनिश्चित बनेको थियो। महामारी प्रभावित यो फिल्मको प्रदर्शन बल्ल तय गरिएको हो।


### मिक्लाजुङ गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९/०३/०१**

यस कार्यालयको तर्फबाट मिति २०७८/१२/०२ मा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार निर्माण कार्यको तपशिल बमोजिमको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले स्वकृतिको लागि सिफारिस भई आएकोमा सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको जानकारी गराईन्छ। साथै सार्वजानिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाताहरुलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

| ठेक्का नं. | विवरण | फर्मको नाम ठेगाना | कबोल अंक (मु.अ.क र PS सहित) |
|---|---|---|---|
| 20/MRMM/WORKS/ NCB/078/79 | Construction of motorable bridge in Magar khola | Nepal Mega/Prabin/ M.B.A JV | 4,14,37,226.60 |

### बरहथवा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

**कृषि बाली प्रशोधन केन्द्र निर्माण तथा व्यवस्थापन कार्यक्रम सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०३/०१**

बरहथवा नगरपालिका कृषि विकास शाखाको चालु आ .व. ०७८/०७९ मा संचालन हुने “कृषि बाली प्रशोधन केन्द्र निर्माण तथा व्यवस्थापन कार्यक्रम” संचालनका लागि रु. १९ लाख (अक्षरेपि रु. उन्नाईस लाख मात्र ।) रकम विनियोजन भएकोमा कार्यालयको सहभागीता ५०% र संस्थाको सहभागीता ५०% कार्यक्रम संचालनको लागि कार्ययोजना बनाई प्रस्ताव आहवान को लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ४०, सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ बमोजिम सूचना प्रकाशित गरिएको १५ दिन २०७९/०३/१५ गते कार्यालय समयभित्र तपसिल अनुसारको कागजातहरु संलग्न राखी शिलबन्दी प्रस्ताव दर्ता गराउनुहुन सबैमा जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल
१.संस्था/उद्योग स्थापना दर्ता प्रमाण पत्रको प्रतिलिपी
२.स्थाई लेखा नं. प्रमाण पत्रको प्रतिलिपी
३.आ.व.०७७०७८ को लेखा परिक्षण तथा करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी
४.विस्तृत कार्ययोजना
५.संचालक/अध्यक्षको नागरिकताको प्रतिलिपी
६.रु.१०००। को राजस्व बुझाएको रसिद

**नि.प्रमुख प्रशासकिय अधिकृत**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
### संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाण्डौ
### सडक डिभिजन जनकपुर
मुजेलिया, धनुषा

**बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना**

**सूचना प्रकाशन मितिः २०७९-०३/०१**

यस कार्यालयद्वारा मितिः २०७८/१२/०२ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना (IFB No.: RDJKR/078–79/09–01) तर्फ रितपुर्बक दर्ता भएका बोलपत्रहरु मुल्यांकन समितिबाट मुल्यांकित हुँदा यस अघि प्रकाशित प्राविधिक प्रस्तावमा योग्य देखिएका प्रस्तावकहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताको प्रस्ताव न्युनतम मुल्यांकित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्र स्वीकृति गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको जानकारी गराईन्छ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | स्वीकृत प्रस्तावको बोलपत्रदाता | कबोल अंक (पि.एस./भ्याट समेत) |
|---|---|---|---|
| 1 | RDJKR/33701122/ 078–79/35 | M/S Roshan–Makalu–Reliance JV, Janakpur–10, Dhanusha. | NRs. 8,17,91,061.41 |

**डिभिजन प्रमुख**

### फतुवाबिजयपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लक्ष्मीनिया (दो.), रौतहट
प्रदेश नं. २, नेपाल

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।

### अर्जुनधारा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
प्रदेश नं १, नेपाल

**बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना**

**सुचना प्रकाशित मिति : २०७९/०३/०१**

प्रस्तुत विषयमा यस कार्यालयको प्रथम पटक सुचना प्रकाशित मिति २०७९/०१/०९ र दोस्रो पटक सुचना प्रकाशित मिति २०७९/०२/११ गते प्रकाशित सुचना अनुसार पेश हुन आएका प्रस्ताव मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई तपसिल बमोजिमको प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्ताव विरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानि स्वीकृत गरिनेछ।

**तपसिल:**

| S.N | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT NRs |
|---|---|---|---|---|
| 1 | AM/NCB/GOODS/ 03-078/79 | Supply and installation of CC camera and accessories in different location of Arjundhara Municipality | Bilo computer sales and supplier, Arjundhara-08, Jhapa | 21,76,458.76 |

# क्यानमाथिको सबै प्रतिबन्ध फुकुवा

**काठमाडौं/मस-** विश्व क्रिकेटको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले नेपाल क्रिकेट संघ (क्यान) माथि लगाको 'कन्ट्रोल फन्डिङ' फुकुवा गरेको छ। क्यानले मंगलबार एक विज्ञप्ति जारी गर्दै आईसीसीले 'कन्ट्रोल फन्डिङ' बाट नेपाललाई फुकुवा गरेको जनाएको हो । आईसीसीले निलम्बनसँगै क्यानलाई कन्ट्रोल फन्डिङमा राखेको थियो ।

यसअघि २०७६ असोज ११ र १२ गते काठमाडौंमा सम्पन्न विशेष साधारण सभामार्फत नयाँ कार्यसमिति आइसकेपछि आईसीसीले क्यानमाथिको निलम्बन फुकुवा गरेको थियो। तर त्यसबेला आईसीसीले क्यानलाई 'कन्ट्रोल फन्डिङ' फुकुवा भने गरेको थिएन।

विगतमा क्यानमा राजनीतिक हस्तक्षेप र आर्थिक पारदर्शिता कायम नभएको भन्दै २०७३ वैशाखमा प्रतिबन्ध लगाएको थियो । प्रतिबन्धमा परे पनि त्यतिबेला आईसीसीले नेपालले खेल्ने अन्तर्राष्ट्रिय प्रतियोगिताको व्यवस्थापन गरेको थियो ।


२०७२ को मंसिरमा क्यानको निर्वाचनले चतुरबहादुर चन्दलाई नै अध्यक्षका रुपमा निर्वाचित गरेपछि विवाद शुरु भएको थियो । पुषमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले क्यान पूनर्गठन गरेपछि विवादले नयाँ रुप लिएको थियो । निर्वाचत समिति अदालत गएपछि क्यानको दोहोरो अस्तित्व देखिएको थियो। नेपालको अन्तरिक विवादकाबीच आईसीसीले २०७३ वैशाखमा क्यानमाथि प्रतिबन्ध लगाएको थियो ।

त्यसपछि पटक पटकको पहलमा आईसीसीले सल्लाहकार समितिमार्फत क्यानको विधान तयार पारेको थियो । उक्त विधानलाई पास गर्न क्यानको विशेष साधारण सभा दुई पटकसम्म बसेको थियो। नयाँ विधान अनुसार ५ सदस्यीय स्वतन्त्र समिति बनाउँदै आईसीसीले क्यान निर्वाचनको वातावरण तयार पारेको थियो । जिल्ला, प्रदेश हुँदै असोज ११ गते क्यानको केन्द्रको निर्वाचन पछि निलम्बन फुकुवाको सम्भावना बढेको थियो । पूर्ण रुपमा फुकुवा नहुँदा क्यान आईसीसीमा निर्भर रहँदै आएको थियो । निलम्बन फुकुवादेखि कार्यसमितिको उत्कृष्ट कार्यसम्पादनको मुल्यांकन गर्दै आईसीसीले 'कन्ट्रोल फन्डिङ' हटाएको क्यानले जनाएको छ । २०७६ असोजमा नयाँ कार्यसमिति आएलगत्तै आईसीसीले आंशिक प्रतिवन्ध फुकुवा गर्दै केही सर्तहरु राखेको थियो ।

ती सर्तहरु पूरा भएपछि आईसीसीले जेठ ३० गते पत्र पठाउँदै निलम्बन पूर्णरुपमा फुकुवा गरेको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

'कन्ट्रोल फन्डिङ' पूर्णरुपमा हटेसँगै नेपालले अबदेखि एकदिवसीय मान्यताप्राप्त अन्य एसोसियट देशहरुसरह आर्थिक अनुदान र गतिविधि गर्न पाउने भएको छ । कन्ट्रोल फन्डिङ फुकुवासँगै क्यानमाथिको आईसीसीको सबै प्रतिबन्ध हटेको छ ।

# पेरुलाई हराउँदै अस्ट्रेलिया विश्वकपमा छनोट



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३१ जेठ

अस्ट्रेलिया कतारमा हुने फिफा विश्वकप कतार २०२२ मा छनोट हुन सफल भएको छ । विश्वकप छनोट अन्तर्गत सोमबार राति कतारको रैयान स्थित अहमद बिन अली स्टेडियममा सम्पन्न इन्टरकन्टिनेन्टल छनोटको प्ले अफमा दक्षिण अमेरिकी देश पेरुलाई सडनडेथमा हराउँदै एसियाली राष्ट्र अस्ट्रेलियाले विश्वकपमा स्थान पक्का बनाएको हो ।

प्रतिस्पर्धात्मक र रोमाञ्चक खेलमा दुबै टिमले निर्धारित र थप गरिएको अतिरिक्त समयमा गोल गर्न नसकेपछि खेल ट्राईबेकरमा पुगेको थियो । पेनाल्टी सुट पनि बराबरी भएपछि सडनडेथमा ५-४ को रोमाञ्चक जित निकाल्दै अस्ट्रेलिया सन् २००६ पछि लगातार पाँचौं पटक विश्वकपमा छनोट भएको हो। यो सँगै अस्ट्रेलिया कतार विश्वकपमा छनोट हुने ३१ औं देश भएको छ ।


## नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**योजना तथा अनुगमन महाशाखा**
**भू-वातावरण तथा सामाजिक शाखा**
चाकुपाट, ललितपुर

**सार्वजनिक सुनूवाई सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/०३/०१**

सडक विभाग अन्तर्गत भू-वातावरण तथा सामाजिक शाखा प्रस्तावक रहेको दुनै-लासिक्याप सडक खण्ड (Ch. ०+०००- १७+ ५०० कि.मि.) को स्तरोन्नति र लासिक्याप-धो सडक खण्ड (Ch. २७+५००- ६५+ ००० कि.मि.) को स्तरोन्नति तथा नयाँ सडक निर्माणको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को सार्वजनिक सुनूवाई तपशील बमोजिमको मिति, समय र स्थानमा हुन गईरहेकोले सम्पूर्ण सरोकारवालाहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

मिति : २०७९/०३/०२
समय : दिनको १ बजे
स्थान : जिल्ला समन्वय समितिको कार्यालय, दुनै, डोल्पा
मिति : २०७९/०३/०३
समय : दिनको १ बजे
स्थान : काइके गाउंपालिकाको कार्यालय, डोल्पा



## अनलाइन मिडिया खारेजी तथा नामसारीको सूचना

**प्रकाशित मितिः २०७९/०३/०१**

यही मिति २०७८/०७/०५ गते बसेको संचालक समितिको बैठकको निर्णयले यस **रेडपाण्डा न्युज नेटवर्क प्रा.लि.**द्वारा सञ्चालित www.tudikhel.com नामसारी गर्न लागिएको र www.everestweek.com खारेजीको प्रक्रियामा रहेको जानकारी गराउँदै यी संस्थासँग कसैको कुनै पनि बाँकी बक्यौता भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्पर्क गर्नहुन अनुरोध छ ।

**रेडपाण्डा न्यूज नेटवर्क प्रा.लि. कोटेश्वर, काठमाडौं**



## बागमती प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातयात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
ललितपुर

**मकवानपुर- थिनगान-मन्थली-तालढूङ्गा सडक अन्तर्गतको बागमती गा.पा. गिम्दी खुर्मी ल.पू र बागमती गा.पा. ९ गहते सुमरा, मकवानपुर जोड्ने बगमती नदी मोटरेबल पुल (९० मी.) ललितपुर र मकावनपुर जिल्ला, बागमती प्रदेशको निर्माण कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सुनुवाईको सूचना**

**प्रकाशित मितिः २०७९/०३/०१**

बागमती प्रदेश, ललितपुर जिल्ला, बागमती गाउँपालिका र मकावनपुर जिल्ला, बागमती गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, ललितपुरद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, ललितपुर, बागमती प्रदेश |
| प्रस्तावको व्यहोरा | बागमती गा.पा. गिम्दी खुर्मी ल.पू र बागमती गा.पा. ९ गहते सुमरा, मकवानपुर जोड्ने बगमती नदी मोटरेबल पुल<br>पुलको लम्वाई/स्पान- ९० मीटर, २ स्पान<br>क्यारेजवेको चौडाई ६.० मीटर, फुटपाथको चौडाई २ ह १.२ मी.<br>पुलको प्रकार RCC T Beam |
| प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड | बाँया किनारः ललितपुर जिल्ला, बागमती गाउँपालिका - ७<br>दाँया किनारः मकावनपुर जिल्ला, बागमती गाउँपालिका वार्ड नं- ९ |

बागमती प्रदेश- वातावरण संरक्षण ऐन, २०७७ को दफा ३ को उपदफा ४ बमोजिम यस प्रस्तावको कार्यन्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसंग सरोकार राख्ने सरोकारवालाहरुसंग अन्तरक्रिया गर्न सार्बजनिक सुनुवाई गर्नु पर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान र समयमा सार्बजनिक सुनुवाई कार्यक्रम हुने भएकाले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमुल्य राय तथा सुझाबहरु दिनु हुन अनुरोध गर्दछौं ।

**सार्बजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| स्थान : मकावनपुर जिल्ला, बागमती गाउँपालिका वार्ड नं. ९ को वार्ड कार्यालय<br>मिती : २०७९/०३/०४ गते<br>समय : विहानको ९ बजे | स्थान : ललितपुर जिल्ला, बागमती गाउँपालिका - ७ को वार्ड कार्यालय<br>मिती : २०७९/०३/०४ गते<br>समय : अपरान्ह ४ बजे |



## VACANCY ANNOUNCEMENT

A leading Recruitment Agency is in the process of hiring suitable personnel who would be in a position to add value & help the organization grow for the following job designations.

- **OFFICE SECRETARY: (Female)**
  * Must be bachelor running or passed out and relevant experience, diligent ,pleasing personality with excellent communication and computer skills.
- **ACCOUNTANT: (Female)**
  * Must be bachelor running or passed out in commerce, experience in related field, smart and responsible and keep recording of accounts, presentable and hardworking.

Salary Negotiable

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६



## प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**भौतिक पुर्वाधार विकास मन्त्रालय**
**यातायात पुर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
साँफेबगर, अछाम

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकासित मिति :-२०७९/03/01**

यस कार्यालयबाट रास्ट्रिय पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित तपसिल बमोजिमका योजनाहरुको निर्माण गर्न बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको विस्तृत मूल्याङ्कन हुँदा तपसिल बमोजिम योजनाहरुका लागि तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव यस कार्यालयबाट माग भएको मूल्याङ्कन तथा योग्यताका सबै आधार पूगेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (एघारौं संशोधन सहित) को नियम ३१(ङ) को उपनियम ४ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएको हुँदा तपसिल अनुसारको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (एघारौं संशोधन सहित) को नियम ३१(ङ) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | योजनाको नाम र ठेक्का नं. | सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १ | Construction of Bhaunera pestressed concrete Motorable bridge Baddimalika-2 Bajura IDO/ACHHAM/NCB/W/Bri/02 / 2078/079) | MKBC-JBMC JV Dhangadhi, Kailali | २०७९/०३/०८ दिउसो १:०० वजे, पूर्वाधार विकास कार्यालय, साँफेबगर, अछाम |



## MALAYSIA मा रोजगार
कम्पनीः ICHOR SYSTEMS MALAYSIA (874783-P)
शहरः SELENGOR

पूर्व स्वीकृत मितिः २०७६/१०/०३ चलानी नं.: ६०१५०१५४ LT. No. 231257 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,५६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले व्यहोर्ने | रु. १,५००/- रोजगारदाताले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.**
हार्भेष्टमुन बिल्डिङ 4th Floor, टुकुचे चोक-२, गैरीधारा, काठमाडौं,
फोनः ४४१५५६२, ४००४६५०, ४००४५५०,
श्रम इजाजत नं. ३८९/०५९/०६०



## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : Desert King Restaurant
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/३१ चलानी नं.: ६०१८०९५६ LT. No.: 264997

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४४,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 1 | 0 | | 1400 | ४७,७१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SAPTAKOSHI HUMAN RESOURCE PVT. LTD.**
SHR Est. 2010 Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com



## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनीः IMDAAD L.L.C.
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/१५ चलानी नं.: ६०१६६७१२ LT. No.: 249649 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Janitor | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/Janitress | 0 | 89 | | 1200 | ४०,६९२ | | | | | | | |
| 3. | Ordinary Labourer | 131 | 0 | | 1200 | ४०,६९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SHR सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ०१-४१११२६, ४४६२६५१, ९८०२०७०४२१, ९८०२०७०४२२, ९८०२०२०४२२



## यूएईमा रोजगार
कम्पनीः PARAGON SECURITY SERVICE L.L.C
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०२/३१ चलानी नं.: ६०१८०९५९ L.T. No.: 262201

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1200 | ४०,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Rightway Enterprises Pvt. Ltd.**
Govt.Lic.No.: 517/061/062
Aalokngar Minbhawan, Kathmandu
Email: cv2hrdepart@gmail.com
Tel.: 01-4106275, 4106276 | Mob.: 9823859301, 9851152281



## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : BLACK FOREST FOR URBAN DEVELOPMENT
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२७ चलानी नं.: ६०१७४२९९ पुनः विज्ञापन LT. No.: 257704

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Technician | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सुर्या इन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. २७७/०५८/५९
बत्तिसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४६९९५१, ४४६९९५२,
E-mail : hr.suryanep@gmail.com, Web : www.suryanep.com
Mobile No.: 9818861357, 9823040845



## Qatar मा रोजगारको अवसर
कम्पनी : FASTWAY DELIVERY SERVICES
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७७/१०/२३ चलानी नं.: ६०१५४३८९ LT. No.: 235953 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 5 | 0 | स. काममा दक्ष | 1400 | ४७,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal Tel : 01-4363646
Mob.: 9851003367, 9813995098, 9815872827



## मलेसियामा रोजगार
कम्पनीः REAL CARTON PACKAGING INDUSTRY SDN BHD
शहरः Johor

पूर्व स्वीकृत मिति : २०७९/०२/३१ चलानी नं. : ६०१८०९४१ LT. No.: 264959

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ८ गते (22 June 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**OMEGA POWER MINDS PVT.LTD.**
Govt. Lic. No. 1178/073/074
साबिकः Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

असारदेखि कठोर बन्ने राष्ट्र बैंकको सन्देश

# नाफामुखी नबन्न वाणिज्य बैंकहरुलाई निर्देशन

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३१, जेठ ।

नेपाल राष्ट्र बैंकले २७ वटै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत(सीइओ) लाई बोलाएर नियम विपरित कर्जाको ब्याजदर नबढाउन कडा निर्देशन दिएको छ । मंगलबार काठमाडौंको र्‍याडिसन होटलमा भएको बैठकमा राष्ट्र बैंकका डेपुटी गभर्नर निलम ढुंगाना तिमिल्सिना, बमबहादुर मिश्र सहित नियमन विभागका प्रमुख गुणाकर भट्ट, सुपरिवेक्षण विभागका प्रमुख देवकुमार ढकाल र विदेशी बिनिमय विभागका प्रमुख गुरु पौडेल सहित उच्च अधिकारीहरुले २७ वटा वाणिज्य बैंकका सीइओलाई बोलाएर कम्प्लाइन्स कार्यान्वयन गर्न निर्देशन दिएका हुन् । राष्ट्र बैंकले बैठकमा बैंकहरुले गरेका कमजोरी देखाउँदै गलत अभ्यास सच्याउन भनेको छ ।




बैठकको शुरुमा मन्तव्य राख्दै नेपाल राष्ट्र बैंकका प्रवक्ता तथा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले पछिल्लो समयमा बैंकहरुले नीति निर्देशनको राम्रो पालना नगरेको धारणा बताएका थिए । 'अहिले प्रणाली केही टाइट छ, यतिबेला हामीले नाफाभन्दा पनि कसरी सस्टेन हुने, सर्वसाधारणलाई कसरी सहज सेवा दिने भन्ने विषयमा केन्द्रित हुनुपर्छ, तर, बैंकहरुले पछिल्लो समय गरेका अभ्यासहरु राम्रो भएनन्,' डा भट्टलाई उदृत गर्दै एक बैंकका सीईओले बताए । राष्ट्र बैंकले बैंकका सीइओलाई असार मसान्तसम्म सिडी रेसियोको सीमा ९० प्रतिशतमा जसरी पनि झार्न र त्यसमा कुनैपनि संशोधन नहुने भन्दै नियम कार्यान्वयन गर्न निर्देशन दिएको छ । सिडी रेसियो सम्बन्धी कुनै नीति परिवर्तन नहुने कुरा राष्ट्र बैंक सुपरिवेक्षण विभागका प्रमुख देवकुमार ढकालले सीइओहरुलाई भनेका थिए ।

राष्ट्र बैंक सुपरिवेक्षण विभागका निर्देशक सतेन्द्र तिमिल्सिनाले पनि राष्ट्र बैंकको तर्फबाट कार्यपत्र प्रस्तुत गर्दै बैंकिङ क्षेत्रको तथ्यांकको बारेमा जानकारी गराएका थिए । उनको कार्यपत्रमा बैंकहरुले निक्षेपभन्दा बढी कर्जा दिएको तथा प्रणालीगत जोखिम निम्त्याएको विषय उल्लेख गरिएको थियो । यसबाहेक राष्ट्र बैंकले ग्राहकलाई कर्जाको ब्याजदरमा अनावश्यक शुल्क नथप्न निर्देशन दिएको छ ।

बैठकमा सहभागी राष्ट्र बैंकका अधिकारीहरुले बैंकहरुले मनलाग्दी किसिमले सेवा शुल्क र प्रिमियम लिएको कुरा बैठकमा बताएका थिए । सो अभ्यास नसच्याए तत्काल कारवाही गर्ने चेतावनी उनीहरुले सीईओलाई दिएको बताइएको छ । यस्तै, राष्ट्र बैंकले साउनदेखि नियमनमा कडाइ गर्ने चेतावनी पनि दिएको जनाइएको छ । राष्ट्र बैंकले अहिले सीडी रेसियो ९० प्रतिशत माथि १५ वटा बैंकको भएको तथा जसमा ७ वटा बैंकको ९२ प्रतिशतभन्दा बढी रहेको जानकारी गराएको थियो । यसबाहेक प्रोभिजनको व्यवस्थाले पुँजीकोष अनुपातमा दवाब पर्ने जानकारी समेत राष्ट्र बैंकले बैंकरहरुलाई गराएको छ । राष्ट्र बैंकले स्थगित गरेको काउन्टर साइलिङ बफर समेत आउने वर्षदेखि लागू गर्ने छ । केही कर्जामा जोखिम भार समेत असार मसान्तदेखि लागू हुने गरेर बढाएको हुँदा पुँजीकोषमा थप दवाब पर्ने छ । बैठकमा अधिकांश बैंकका सीइओहरु सहभागी भएका थिए ।

# एनएमबिद्वारा कृषकहरुलाई वित्तीय साक्षरता तालिम



**काठमाडौं/मस –** एनएमबि बैंकले लालबन्दीका तरकारी उत्पादक कृषकहरुलाई वित्तीय साक्षरता तालिम प्रदान गरेको छ । कार्यक्रममा तरकारी उत्पादक समूहका करिव १५० जना कृषकहरुको उपस्थिति रहेको थियो । बैंकको लघुवित्त विभाग तथा शाखा कार्यालय लालबन्दीद्धारा आयोजित उक्त कार्यक्रमा उपस्थित कृषकहरुलाई उत्प्रेरणाको साथै बचत, लगानी, विभिन्न प्रकारका कर्जाहरु तथा बैंकबाट प्राप्त गर्न सकिने अन्य विभिन्न सेवाहरुको विषयमा वित्तीय शिक्षा प्रदान गर्नुको साथै किसानहरुसँग अन्तरकृया समेत गरी उनीहरुको जिज्ञासा तथा सुझावहरु संकलन गरिएको थियो ।

कार्यक्रममा एनएमबि बैंकका तर्फबाट लघुवित्त विभागका प्रवन्धक श्री शरद पौडेलले सहजीकरण गर्नु भएको थियो भने कार्यक्रमको संयोजन बैंकको लालबन्दीका शाखा प्रमुख अरुण कुमार आचार्यले गरेका थिए । सर्लाहीको लालबन्दी क्षेत्र तरकारी उत्पादनको लागि अत्यन्तै महत्वपूर्ण पकेट क्षेत्र मानिन्छ । यस क्षेत्रका करिव १५ सय किसानहरु प्रत्यक्ष रुपमा व्यवसायीक तरकारी खेतीमा लागेका छन । यस क्षेत्रमा उत्पादित तरकारीहरु नेपालका काठमाडौं, पोखरा, बिराटनगर, नारायणगढ लगायतका विभिन्न शहरहरुमा पठाईने गरिन्छ ।

# २ हजार अंकबाट तल झर्‍यो नेप्से परिसूचक

**काठमाडौं/रासस –** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक डेढ वर्ष पहिलेको अवस्थामा आइपुगेको छ । मंगलबार भएको कारोबारपछि नेप्से परिसूचक न्यून बिन्दुमा ओर्लेको हो । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३६.०८ अंकले ओरालो लागेर एक हजार ९९६.२५ मा ओर्लिएको छ । यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ६.४८ अंकले ओरालो लागेर ३८३.५१ मा ओर्लिएको छ । कूल २३२ कम्पनीको ४१ लाख ४७ हजार २५५ कित्ता सेयर एक अर्ब १८ करोड ५५ लाख ४६ हजार १७९



मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको नै सेयर मूल्यमा गिरावट आएको छ । बैंकिङ १२.४६, व्यापार ५२.९९, होटल तथा पर्यटन ४६.६३, विकास बैंक ७६.८२, जलविद्युत् ६६.३८, वित्त ३१.४६, निर्जीवन बीमा २४२.७३, उत्पादन ६७.६३, अन्य ५१.८१, लघुवित्त ७७.२, जीवन बीमा १८६.८८, सामूहिक लगानी कोष ०.१४ र लगानी १.०८ अंकले ओरालो लागेको छ । नेप्सेका अनुसार मंगलबार भएको कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा रहन सफल भयो ।

# शिखरले ल्यायो नयाँ मोडलका स्पोर्टस जुत्ता



**काठमाडौं/मस –** शिखर शुज इन्ड्रष्ट्रिजले नयाँ मोडेलका स्पोर्टस शु बजारमा ल्याएको छ । कम्पनीले एकै पटक ५० बढी मोडलका जुत्ताहरु बजारमा ल्याएको हो । अहिले महिला, बृद्ध तथा युवावर्ग सबैको मागलाई ध्यानमा राखी बजारका आएका स्पोर्टस् शुजहरु हल्का, लचकदार रहको शिखर शुजले जनाएको छ ।

विगत २५ बर्षदेखि कम्पनीले जुत्ताहरु बजारमा विक्रि वितरण गर्दै आईरहेको छ । शिखर शुजका उत्पादन अत्यन्त हल्का र आरामदायी रहेको कम्पनीका बजार व्यवस्थापक राजु उप्रेतीले बताए ।

# ड्रिमल्यान्ड रिसोर्टमा कुमारीका ग्राहकलाई विशेष छुट



**काठमाडौं/मस –** कुमारी बैंक लिमिटेडका ग्राहकले बुटवलस्थित ड्रिमल्यान्ड गोल्ड रिसोर्ट एन्ड होटेलमा विशेष छुट पाउने भएका छन् । कुमारी बैंक र ड्रिमल्यानड गोल्ड रिसोर्टबीच बैंकका ग्राहकलाई छुट प्रदान गर्ने समझदारी भएको हो । सो सम्झौतापत्रमा कुमारी बैंकका मार्केटिङ प्रमुख नवीनमुनी बज्राचार्य र ड्रिमल्यान्ड गोल्ड रिसोर्टका महाप्रबन्धक लक्ष्मण खड्काले हस्ताक्षर गरेका छन् ।

डिजिटल कारोबारमा ग्राहक आकर्षित भइरहेको कुरालाई मध्यनजर गर्दै डिजिटल कारोबारमा ग्राहकलाई प्रोत्साहन गर्नका लागि कुमारी बैंकले यस सहकार्यमार्फत ड्रिमल्याण्ड गोल्ड रिसोर्टका विभिन्न सेवाहरुमा आकर्षक छुटको प्रावधान गरेको हो । बैंकका डेबिट तथा क्रेडिट कार्डवाहकले उक्त होटेल बसाइमा रुम शुल्कमा ३० प्रतिशत र खानपानमा १० प्रतिशत सम्मको छुट प्राप्त गर्न सक्नेछन् । कुमारी बैंकले आफ्ना देशव्यापी १९७ शाखा सञ्जाल, १८६ एटीएम, ४२ शाखारहित बैंकिङ इकाइ तथा १६ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ सुविधाहरु दिँदै आएको छ ।

# जग्गा धितो राखेर ऋण नपाइने




**काठमाडौं/मस–** सरकारले कृषि क्षेत्र नतोकिकन घर जग्गाका लागि जग्गाको कित्ताकाट गर्न नपाउने व्यवस्था गरेको छ । घर जग्गाको नाममा कृषि क्षेत्र क्रमशः घट्दै गइरहेको बेला सरकारले खेतीयोग्य जग्गा वा गैरकृषि क्षेत्र निर्धारण गर्ने प्रयोजनका लागि स्थानीय भूउपयोग परिषद्ले भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ ले तोकेको मापदण्ड अनुसार कृषि क्षेत्र र गैरकृषि क्षेत्र वर्गीकरण गर्नुपर्ने निर्णय गरेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत जेठ २७ गते मन्त्रिस्तरीय निर्णय गरेर कृषि क्षेत्र निर्धारण नभएका कुनै पनि जग्गाको कित्ताकाट गर्न नपाउने व्यवस्था गरिएको छ । मन्त्रालयले मातहतका मालपोत र नापी कार्यालयलाई त्यस्तो निर्णय कार्यान्वयनका लागि पठाएको छ ।

बैंक, वित्तीय संस्था वा सहकारी संस्थामा धितो बन्धक राख्दा खेतीयोग्य वा गैर खेतीयोग्य क्षेत्रको वर्गीकरण गरेर मात्रै लिखत पारित गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तो निर्णय भएसँगै अब कृषियोग्य भूमिको धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण नपाइने भएको छ ।

कुनै व्यक्ति, फर्म कम्पनी वा संस्थाले जुनसुकै प्रकारका लिखतबाट जग्गाको खण्डीकरण गरी हक हस्तान्तरण गर्ने गरी लिखत पास गर्न आएका स्थानीय भूउपयोग परिषद्ले गरेबमोजिम स्थानीय तहबाट सिफारिश भई आएमा खेतीयोग्य जग्गा भए भूउपयोग नियमावली अनुसार गर्नुपर्नेछ ।

गैर कृषि क्षेत्रको भए नियमावलीको अर्को प्रबन्ध अनुसारको क्षेत्रफल भन्दा कम नहुने गरी कित्ताकाट गर्नुपर्नेछ । मन्त्रालयका अनुसार पुनः नापीको क्रममा कुनै जग्गा ब्लकमा नापजाँच भई हाल साविक दर्ता गर्दा कित्ता छुट्याउनुपर्ने भएमा साविक प्रमाण बमोजिम कित्ताकाट हुनेछ । तर, साविकको एक कित्ता हाल साविक गर्दा हाल कायम रहेको बाटो, कुलोलगायतले सिमाना छुट्याइएको अवस्थामा बाहेक एउटा ब्लकबाट कित्ताकाट हुँदा एकभन्दा बढी कित्ता कायम हुने गरी हाल साविक गर्न पाइने छैन ।

भू-उपयोग नियमावली, २०७९ लागू हुनु अगावै आवासीय प्रयोजनका लागि आधिकारिक निकायबाट प्लानिङ अनुमति प्राप्त गरेका कम्पनी वा निकायले प्लानिङ अनुमति पाएका कम्पनी वा निकायले प्लानिङ पर्मिट प्राप्त गरी स्वीकृत नक्शा बमोजिम कित्ता नापी नक्शामा बाटो तथा सार्वजनिक क्षेत्र कायम गरी सकेको भए सोही अनुसार नै कित्ताकाट हुनेछ । त्यसमा कुनै पनि बाधा पर्नेछैन । मन्त्रालयका अनुसार भूउपयोग नियमावली, २०७९ लागू हुनु अगावै प्लानिङ अनुमति प्राप्त गरी स्वीकृत नक्शा बमोजिम कित्ता नापी नक्शामा कित्ताबाट गर्न बाँकी रहेको भए नियमावलीको नियम १२ बमोजिमको क्षेत्रफल कायम हुने गरी मात्रै कित्ताकाट गर्नुपर्नेछ ।

कुनै पनि कित्ता जग्गा कित्ताकाट गरी प्लट मिलान गर्दा तोकिएको क्षेत्रफल भन्दा कम क्षेत्रफल बाँकी नहुने मात्र प्लट मिलान गर्न गराउन सकिने प्रबन्ध गरिएको छ ।

पछिल्लो व्यवस्थाले कृषियोग्य भूमिको खण्डीकरण गर्ने काममा निरुत्साहन हुने विश्वास गरिएको छ । मन्त्रीस्तरीय निर्णय कार्यान्यनका लागि मन्त्रालयले भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नापी विभागलाई कार्यान्वयनका लागि पठाएको छ ।

त्यस्तै, राष्ट्रिय भूमि आयोगलाई पनि सोही अनुसार गर्न भनिएको छ । भूउपयोग ऐन र नियमावलीमा भएको व्यवस्थालाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल राजपत्रमा यसअघि नै सूचना प्रकाशित भइसकेको छ । भूउपयोग कार्यक्रम सञ्चालन नहुन्जेलसम्म वा भूउपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम ७ बमोजिम चार किल्ला खुलाई कृषि क्षेत्र तोक्नैपर्ने व्यवस्था गरिएको छ । सोही व्यवस्था अनुसार कार्यान्वयनका लागि मातहतका कार्यालयलाई परिपत्र गरिएको मन्त्रालयले जनाएको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार वैशाख मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले घर जग्गा धितो राखेर रु.३१ खर्ब ५८ अर्ब बराबरको ऋण प्रवाह गरेका छन् । अधिकांशले घर जग्गालाई धितो राखेर ऋण प्रवाह गरेको पाइएको छ । यस्तै, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोषलगायतले पनि घर जग्गा धितोमा ऋण प्रवाह गरेका छन् । सामाजिक सुरक्षा कोषले समेत त्यसका लागि आवश्यक तयारी गरिरहेको छ ।

# तनहुँका मासु पसलहरूमा बिओकेको क्यूआर कोड



**काठमाडौं/मस –** बैंक अफ काठमाण्डू (बिओके)ले तनहुँको व्यास नगरपालिका-३ स्थित दमौलीका थोक तथा खुद्रा मासु पसलमा क्यूआर कोड सेवा सुरु गरेको छ । तनहुँ मासु व्यवसायी समितिका अध्यक्ष जिवन शाही तथा बैंकको गण्डकी प्रदेश प्रमुख ईश्वरी प्रसाद जोशीले संयुक्त रुपमा उक्त सेवाको शुरु गरेका हुन् । तनहुँ मासु व्यवसायी समितिद्वारा ३२ वटा भन्दा बढि थोक तथा खुद्रा पसलबाट माछा तथा मासुहरुको खरिद बिक्री भइरहेका छन् । कार्यक्रममा तनहुँ मासु व्यवसायी समितिका अध्यक्ष जिवन शाहीले समितिद्वारा संचालित पसलहरुमा क्यूआर कोड सुविधा उपलब्ध गराई बैंकले भुक्तानी प्रणालीमा सहज बनाएर ब्यवसायीहरुलाई सहयोग गरेको बताए ।

बैंकको सक्रियताले उक्त मासु पसलका व्यवसायीहरुलाई ब्यवसाय बिस्तारमा सहयोग मिलेको उनको भनाइ छ । कार्यक्रममा बैंकका गण्डकी प्रदेश प्रादेशिक कार्यालय प्रमुख ईश्वरी प्रसाद जोशीले मासु समिति र व्यवसायीलाई व्यवसायिक सहयोग गर्न बैंक सधै प्रतिबद्ध रहेको बताए । स्थानीय स्तरका व्यवसायी समितिहरुसंगको सहकार्यमा बैंकले अन्य स्थानमा पनि बैंकिङ सेवा तथा सुविधा प्रदान गर्न तत्पर रहेको जानकारी दिए ।

बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्ने क्रममा डिजिटल कारोबारका लागि रणनीतिक महत्व भएका स्थानहरु छनौट गरी क्यूआर कोड सेवा संचालनमा ल्याएको जनाएको छ । बैंकले १०१ शाखा कार्यालयहरु, ९७ एटिएम र १० एक्सटेन्सन काउन्टरहरुबाट आफ्ना ग्राहक ग्राहकहरुलाई बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

चट्याङको समयमा सतर्क रहौं

चट्याङबाट बच्ने उपायः

- विजुली चम्केको बेला सतर्क रहने
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने,
- विजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने
- सकेसम्म घरभित्रै झ्याल ढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने
- खुल्ला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने
- सकभर अग्लो स्थानमा नबस्ने
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ